# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष–१३ , अंक– ६, २०७७ साल भदौं ९ गते मंगलबार (Aug 25, 2020) www.janaakash.com.np मूल्य रु १०।-



जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


# स्वास्थ्य कर्मीहरूलाई आक्रमण गर्नु निन्दनीय काम

- स्वास्थ्य कर्मीहरुलाई दुब्यवहार गर्नेहरुलाई कारवही गर्न चौतर्फी माग ।
- दुब्यवहार गर्ने अभियुक्तहरुको खोजि तिब्र ।
- कडा कारवाही गर्ने सरकारको तयारी ।

मोहन कार्की

विश्वमा कोभिड १९ को महामारी फैलिरहेको छ । आठ महिनाको अन्तरालमा विश्वमा १० लाखको हाराहारीमा मानिसहरु मरिसकेका छन् । २ करोड भन्दा बढी संक्रमित छन् नेपालमा पनि यसको असर देखिदै गएको छ । पछिल्लो समय नेपालमा १५० भन्दा बढीको ज्यान गईसकेको छ । बत्तिस हजारको हाराहारीमा संक्रमण पुष्टि भएकाहरु सफल उपचार पछि १९ हजार आफ्नो घर फर्किसकेका छन् । बिरामी परेका जति सवैलाई सफल उपचार गर्न स्वास्थ्य कर्मीहरुको सहयोगले नै सम्भव भएको हो । यस्तो महामारीको बेलापनि निरन्तर खटेर धेरैको ज्यान बचाउने स्वास्थ्यकर्मी हरुलाई सम्मान गर्नुपर्दछ ।

यस्तो महामारीको वेलामा सवै मिलेर सक्रमणकालीन अवस्थामा समस्याको सावधान खोज्नुपर्ने वेला हो । एकाले अर्कोलाई सकेको सहयोग गरेर नेपाली हुनुको कत्व्य पुरा गर्नुपर्ने समय हो । हुनत थुप्रै ठाउँहरुमा नेपालीहरुले पुरा गर्नुपर्ने कत्व्य र पुऱ्याउनुपर्ने योगदान पुऱ्याएको पनि देखिन्छ ।

तर सिभिल अस्पतालका डाक्टर र चितवनका डाक्टरहरुको घरमा जुन खालका घटनाहरु घटेका छन् ति घटना घटाउने अभियुक्तहरुले नेपाल राष्ट्रको ब्यजति गर्ने कार्य गरेका छन् । त्यो मात्र नभएर राष्ट्रमा संकटको वेला सेवा दिईरहेका स्वास्थ्य कर्मीहरुमाथि अवरोध गर्ने, बहिष्कार गर्ने जस्ता क्रियाकलापले उच्च मनोवलका साथ नेपाललाई कोभिड १९ रोगवाट मुक्त गराउन खटिएका स्वास्थ्यकर्मीहरुलाई मनोवल कमजोर बनाउने कार्य ति हुलहुज्जत गर्ने अभियुक्तहरुले गरिरहेका छन् । यो काम जसले गरेको भएपनि निन्दनीय, घिनलाग्दो र चेतना नभएका मानव रुपी दानव जस्ता भनेर नेपाली समाजले चित्रण गरेका छन् ।

यो घटना घटाउनेलाई नेपाली कांग्रेस, नेकपा (माले) राप्रपा लगायत राजनीतिक पार्टी, संघ/संस्थाहरुले बिज्ञप्ति जारी गरेर बिरोध गरेका छन् । त्यो सँगसँगै ति स्वास्थ्यकर्मीहरु माथि आक्रमण गर्ने, हुलहुज्जत गर्ने अभियुक्तहरुलाई कडा भन्दा कडा कारवाहीको माग चौतर्फी भईरहेको छ । यो माग स्वभाविक पनि छ । यस्ता समाज बिरोधि काम गर्नेहरुलाई कारवाही हुनु पनि पर्छ ।

ति हुल हुज्जत गरेर डाक्टरहरुको घरमा आक्रमण गर्न जाने ब्यक्तिहरुलाई छिट्टै नियन्त्रणमा लिएर कारवाही गर्न स्वास्थ्य मन्त्रालयले निर्देशन दिईसकेको छ । भने गृह मन्त्रालयले ति स्वास्थ्य कर्मीहरु माथि आक्रमण गर्ने अभियुक्तहरुको केहीको पहिचान भईसकेको र केहीको खोजि कार्य भईरहेको जानकारी दिईसकेको छ र आवाशयक छानवीन गरेर ति डाक्टरहरुको घरमा र स्वास्थ्यकर्मीहरु बस्ने घरहरुमा दुर्व्यवहार गर्ने जो कसैलाई नयाँ ऐन बनाएर भएपनि कारवाही गर्ने

बाँकी ८ पृष्ठमा

## रामेछाप नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतमा लामगादे

रामेछाप । रामेछापजिल्लाको रामेछाप नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतमा रामचन्द्र लामगादेले आजवाट कार्यभार सगाल्नु भएको छ । प्रमुख प्रशासकिय अधिकृत लामगादेलाई रामेछाप नगरपालिकाका कर्मचारीहरुले सामाजिक दुरी कायम गरी स्वागत गरेको छन । यसअघि महोतरीको भंगाहा



नगरपालिकामा २ वर्ष प्रमुख प्रशासकिय अधिकृत भएर काम गरिसक्नुभएका लामगादेले रामेछाप नगरपालिकालाई सम्वृद्ध बनाउन जनप्रतिनिधी , कर्मचारी र नागरीकहरुसँग सहकार्य गरेर अघि बढ्ने कार्यभार ग्रहण गर्ने क्रममा प्रतिबद्धता व्यक्त गर्नुभएको हो । उहाँले रामेछाप नगरपालिकाको वस्तुस्थिती बुझेर नगरपालिकाबाट प्रवाह हुँदै आएको दैनिक सेवा र दिगो विकासलाई जनमैत्रि बनाउने बताउनुभयो । उहाँले मुस्कान सहितको सेवा प्रवाहलाई जोड दिने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको हो ।

# कांग्रेसको महाधिवेशन सार्ने तयारी

काठमाडौं । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको १४औं महाधिवेशन फागुनमा नहुने निश्चित भएको छ । कोरोनाको कहरका कारण तोकिएको मितिमा महाधिवेशन नहुने निश्चित प्राय: भएको नेताहरुले बताउन थालेका छन् ।

सभापति शेरबहादुर देउवाले दशैंसम्म कोरोना नियन्त्रण भयो जेठमा यदि भएन भने भदौको पहिलो हप्ता महाधिवेशन गर्नेगरि आन्तरिक तयारी गरेको उनीनिकट केन्द्रीय सदस्य मीन बहादुर विश्वकर्माले जानकारी दिए ।

उनका अनुसार १४ औं महाधिवेशनमा सभापतिमा वर्तमान सभापति देउवाले उम्मेद्धावरी दिने छन् । देउवालाई उपसभापति विमलेन्द्र निधिले पनि साथ दिने भएका छन् । यसअघि निधिले आफू सभापतिमा उम्मेद्धवारी दिनेगरि तयारीमा जुटेको बताएका थिए ।

स्रोतका अनुसार १४ औं महाधिवेशनमा देउवा उठ्ने र निधिलाई प्रधानमन्त्री बनाउन देउवा सहमत छन् । निधिले देउवाको प्रस्तावलाई सकारात्मक रुपमा लिएका छन् । उता, वरिष्ठ नेता रामचन्द्र पौडेल समूहबाट भने सहमतिमा नै सभापतिको उम्मेद्धवारी दिने तयारी छ ।



त्यसकोलागि पौडेलले नै बल गरिरहेका छन् । कोइराला परिवारबाट वर्तमान महामन्त्री डा. शशांक कोइरालाले उम्मेद्धवारी दिने घोषणा गरिसकेका छन् । कोइराला र पौडेलमध्ये एक जना सभापतिमा लड्ने सम्भावना बलियो रहेको छ ।

# क्यान्सर अस्पतालका सबै सेवा पुन: सञ्चालन

चितवन । विपी कोइराला मेमोरियल क्यान्सर अस्पतालबाट दिइने सबै सेवाहरू आजबाट पुनः शुरू भएका छन् । अस्पतालले एक सूचना जारी गर्दै स्वास्थ्यकर्मी र बिरामीमा कोरोनाको सङ्क्रमण देखिएपछि साउन ३२ गतेबाट आकस्मिकबाहेकका सेवा बन्द गरेको थियो ।

अस्पतालका कार्यकारी निर्देशक डा देजकुमार गौतमले चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीको नमूना परीक्षण गरिसकिएकाले स्वस्थ कर्मचारीले आजबाट काम गर्ने बताउनुभयो ।

परीक्षणका क्रममा १७ नर्स र चार सहयोगीलाई सङ्क्रमण देखिएको उहाँले बताउनुभयो । अस्पतालका सबै क्षेत्र पूर्णरूपमा निर्मलीकरण गरिसकिएको छ ।


अस्पतालका बहिरङ्ग सेवा नियमित गरिएको छ । यद्यपि अस्पतालमा आउनै पर्ने भए मात्र अस्पताल आउन अनुरोध गरिएको छ । अस्पतालले विशेषज्ञ चिकित्सकहरूको नाम र टेलिफोन नम्बर सावबजनिक गरेकाले आफ्नो रोगसँग सम्बन्धित विशेषज्ञ चिकित्सकलाई सकेसम्म टेलिफोन गरेर मात्रै आउन भनिएको छ ।

अस्पतालमा दैनिक ५० भन्दा बढी एम्बुलेन्स देशका विभिन्न क्षेत्रबाट आउने गर्दछन् । प्रदेश नम्बर २ को बढी सङ्क्रमित क्षेत्रबाट ठूलो सङ्ख्यामा बिरामी आउने गरेका छन् । यसबाट अस्पताल कोरोना सङ्क्रमणको उच्च जोखिममा रहेको गौतमले बताउनुभयो ।

यसैबीच सो अस्पतालमा रहेको प्रयोगशालालाई व्यवस्थित गरी कोरोना परीक्षण थालिने भएको छ । कार्यकारी निर्देशक गौतमले भन्नुभयो, "हामी दुई तीन दिनमै प्रयोगशाला संञ्चालनमा ल्याउने तयारीमा छौँ ।" प्रयोगशालालाई आवश्यक पर्ने रिएजेन्ट आइनपुगेकाले प्रयोगशाला सञ्चालन गर्न ढिलाइ भएको हो । अस्पतालले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा प्रयोगशाला सञ्चालन गर्ने विषयमा जानकारी गराइसकेको छ ।

आवश्यक जनशक्ति अस्पतालमै छन । हाल जिल्लामा सरकारीतर्फ भरतपुर अस्पताल र निजीतर्फ चितवन मेडिकल कलेजले पिसिआर प्रयोगशाला सञ्चालन गर्दै आएका छन् ।

सरकारी प्रयोगशालामा नमूनाको चाप उच्च भएकाले नतिजा आउन एक सातासम्म कुर्नुपर्ने बाध्यता छ ।

‘मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।’– *मोहन कार्की*

## सम्पादकीय

# स्थानीय निकायहरुले कोरोनको चुनौतिलाई अवसरमा बदल्नुपर्छ

यतिवेला बिश्वमा फैलियको कोरोनाको त्रासले मानिसहरु आ-आफ्नो गाउँ घरमा फर्केका छन् । गाउँ नै गाउँले भरिएको देश नेपालमा गाउँ छोडेर शहर गएका र बिदेश गएका समेत जन्मथलो  फर्केका छन् । फर्केका अधिकांस युवा पुस्ता सक्रिय जनशक्ति हुन् । स्थानीयमा जनसंख्या बृद्धिहुदा हरेक स्रोत साधन परिचालनमा समस्या भएपनि दक्ष जनशक्तिहरुलाई उनिहरुको क्षमता अनुसार ब्यवस्थापन गरेर स्थानीय बिकाशमा लगाउन सकिन्छ । यो अवसरलाई स्थानीय सरकारले सदुपयोग गर्नुपर्दछ ।

हिजोका दिनहरुमा अवसर नपाएर शहर पसेका र बिदेश गएका युवाहरु नै बढी छन् । ति युवाहरुलाई स्थानीइस्तरमा नै प्रोत्साहन हुनेगरी प्रत्येक स्थानीय निकायहरुले कार्यक्रम बनाएर स्थानीय सरकारले तय गरेका कार्यक्रम, बिकाश निर्माणका काम र पुरा गर्नुपर्ने कामहरु युवासँगको हात्तेमालो गरेर जानुपर्छ । जसले गर्दा स्थानीय सरकारहरुले पुरा गर्न खोजेको लक्ष्य पुरा गर्न सक्छन् । तोकेको समयमा कामहरु सम्पन्न गर्न सक्छन् । यो अवसर फेरी पनि नआउन सक्छ ।

यसको बातवरण कसरी बनाउने त ?

प्रत्येक युवाहरुको चाहना सुचनाको पहुच हुनुपर्छ भन्ने हुन्छ । अर्को सामाजिक रुपमा गरिने पुराना कुथिति र पुराना कुराहरु उठाएर समाजमा गरिने अपमान र गरिबीको रेखामुनि रहेका मानिसहरुलाई गरिने ब्यवहार स्थानीयरुपमा प्रतिकार गर्नसक्ने संयन्त्र स्थानीय सरकारले गरिदिनुपर्छ किनकि कुनै पनि युवा निरासा बोकेर आफ्नो जन्मथलो छोडेर कतै नजाओस उसले आर्जन गरेको सीप, योग्यता, दक्षता त्यही समाजमा प्रयोग होस् । जसले आफ्नो भुगोलमा रहेर हाशिल गरेको शिक्षा, अनुभव, पीडा, दुःख, सुख सवैकुराको ज्ञान स्थानीय रुपमा रहेको सक्रीय युवाहरुमा हुन्छ ।

यस्ता युवाहरुको मनोवल उच्च बनाउन, उनिहरुले हाशिल गरेको सीप, योग्यता, क्षमताको आधारमा लगानी, प्रविधिक अनुदान, उच्च प्रविधिको तालिम, कृषिको लागि पाएक पर्ने र उपयुक्त स्थलहरुको पहिचान गरेर जमिनको ब्यवस्थापन, बजारको वारेन्टी, मुल्य निर्धारण, लगानीको वारेन्टी जस्ता बिषमा स्थानीय सरकारले जिम्मा लिएर स्थानीयमा फर्केका युवाहरुलाई प्रोत्साहन भर्न ढिलो गर्नु हुदैन । यो नेपालको लागि सुनौलो अवसर हो । बिगतको समिक्षा गर्न जरुरी छ ।

नेपालमा अधिकांस जग्गा जमिनहरु बझोमा परिणत भएका छन् । यो कारणहरु अरु कुनै नभएर भुमि ब्यवस्थापन र कृषि उत्पादनको ब्यवस्थापन गर्न नजान्दा वा गर्न नसक्दा बास्ताविक किसानहरुको जिवनस्तर कहिल्यै माथि नउठ्ने तर बिचौलियाहरु जहिल्यै नाफामा हुने जस्ता समस्याको सावधान गर्न नसक्दा किसानहरु निरास हुदा गाउका किसानका छोराछोरीले गाउमा भविष्य नदेखेर नै शहर र बिदेश गएका हुन् ।

यस्ता बिषको समिक्षा हुनुपर्छ । गर्नुपर्छ । यो बर्ष नेपाल सरकारले ल्याएको नीति तथा कार्यक्रममा किसानहरुलाई सहुलियतपुर्ण ऋण, स्थानीय निकायहरुले साना सहकारीहरुलाई उपलब्द गराउनुपर्ने दुई प्रतिशतमा कर्जा जस्ता कार्यक्रम सार्वजानिक भईसकेको अवस्थामा अन्य नयाँ कार्यक्रम स्थानीय सरकारले आफैपनि बनाउन सक्छन् । स्थानीय सरकारलाई २५ प्रकारका अधिकारहरु प्रप्त छन् ।

यस्ता अधिकारहरु प्रयोग गरेर आफ्ना नागरिकहरुलाई स्थानीय सरकारले स्थानीयस्तरमा नै ब्यवस्थापन गरेर अहिले आफ्नो जन्मथलो फर्केका दक्ष जनशक्तिको प्रयोग गरी स्थानीय सरकारले चुनौतिको सँगसँगै उपलब्धीको अवसरमा बदल्न सक्छ । स्थानीय सरकारहरुले यता पनि ध्यान दिन जरुरी छ ।

# कोरोना संक्रमणबाट बच्न स्वयम जिम्मेवार बनौ

**कौशिला कुँवर**

कोरोना भाइरसका कारण अहिले विश्व नै आक्रान्त बनेको छ । ठूलो मानवीय क्षतिसँगै विश्वअर्थतन्त्र धराशायी हुँदै गएको छ । डिसेम्बरमा चीनको वुहान सहरबाट संक्रमण सुरू हुँदा यो रोगले विश्वलाई नै यति आक्रान्त बनाउँछ होला भनेर कसैले सोचेका थिएनन् । विकसिथ राष्ट्रहरूले यो महामारीको रोकथाम तथा नियन्त्रण भन्दा पनि यही रोगमाथि राजनीति गर्न थाले । सुरूआतकै क्रममा सबै देशले रोगमाथि राजनीति गर्न छोडेर गम्भीरतापूर्वक रोकथाम र औषधिमूलोतिर लागेका भए आज विश्वले यति ठुलो मानवीय क्षति भोग्नु पर्ने थिएन । मानवीय घमण्ड, पूर्वाग्रहले बैमनस्यता सिर्जना गर्छ । यसकै कारण आज विश्वमा कोरोडौं मानिस यो संक्रमक रोगबाट ग्रसित हुन पुगेका छन् र लाखौंले अकालमै ज्यान गुमाउनु परिरहेको छ ।

आज करोडौं संक्रमित हुँदा र लाखौंले ज्यान गुमाउनु पर्दाको अवस्थासम्म आइपुग्दा मात्र सबैलाई आआफना कमीकमजोरीको बोध भएको देखिन्छ । महामारी अझै नियन्त्रणमा छैन । विश्वमा अझै कतिले ज्यान गुमाउनु पर्ने हो थाह छैन । यसको नियन्त्रण र तथा रोकथामका लागि अझै उपयुक्त औषधि पत्ता लगाउन सकेको छैन । जबसम्म यो रोगलाई नियन्त्रण तथा रोकथाम गर्ने उपयुक्त औषधि पत्ता लाग्दैन, तबसम्म विश्वका मानिस यो रोगबाट संक्रमित हुने नै छन् ।

हालै रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले कोभिड १९ विरूद्ध विश्वकै पहिलो खोपलाई मान्यता दिइएको जनाएको छ । गमालेया रिसर्च इन्स्टिच्युटले बनाएको उक्त खोपलाई करिब २ महिनासम्म मानिसमा परीक्षण गरेर रूसी स्वास्थ्य मन्त्रालयले मान्यता दिएको अन्तर्राष्ट्रिय मिडियाले जनाएका छन् । यो खोप कति प्रभावकारी साबित हुनसक्छ अहिले नै भन्न सकिने अवस्था भने छैन ।

छोटो समयमै खोप बनाएको भन्दै केही विज्ञहरूले रूसी खोपमाथि आशंका गर्न थाले छन् । जर्मनी, फ्रान्स, स्पेन र अमेरिका लगायतका देशले खोपलाई लिएर सतर्क रहन समेत बताएका छन् । उसो त विश्वका वैज्ञानिक समूहहरु कोभिड १९ विरूद्ध प्रभावकारी हुने खोपको विकास गर्न लागिपरेका छन् । तर संक्रमण सुरू भएको आठ महिना भइसकेको छ यो रोगविरूद्ध खोप भने पत्ता लगाउन सकेका छैन । वैज्ञानिकले यो रोग विरूद्ध खोप उत्पादन गर्न करिब दुई वर्ष समय लाग्ने सक्ने बताएका छन् । यो रोगलाई नियन्त्रण लिन नसक्दा वैज्ञानिकले नै यसलाई दोस्रो विश्व युद्ध पछिको संटकको संज्ञा दिएका छन् ।

सबै राष्ट्रहरूले यो रोगलाई नियन्त्रण तथा रोकथामका लागि समाजिक दुरी कामय गर्ने, मुखमा मास्क लगाउने, स्यानिटाइजरको प्रयोग र साबुन पानीले हात सफा गर्ने सिद्धान प्रयोग गरिरहेका छन् । दुःखलाग्दो कुरा त यो छ कि विश्वमा नै यो रोगविरूद्ध खोप पत्ता लगाउन कठिन भैरहेको छ । यस्तो अवस्थामा हामी सचेत जिम्मेवार नागरिकले समेत सामान्य सावधानी अपनाएको पाइँदैन । महामारी संक्रमणलाई रोक्न अपनाउनु पर्ने मापदण्डहरू हामी सबैले राम्रोसँग पालना गराउनु जरूरी छ । तथापि हामी गैरजिम्मेवारीपूर्वक हिंडिरहेका छौं । हामीलाई थाह छ । हाम्रो सानो लापरवाहीका कारण ठुलो मानवीय क्षति हुन सक्छ ।

हामी सबैलाई थाह छ विश्वकै स्वास्थ्य पूर्वाधार विकाससम्पन्न राष्ट्रूले समेत आफना नागरिकलाई रोगबाट बचाउन सकिरहेका छैनन् । विश्वकै सम्पन देश अमेरीकाले यो रोगबाट सबैभन्दा धेरै मानवीय क्षति बेहोर्नु परेको छ । अमेरीकामा मात्र महामारीको संक्रमणबाट ज्यान गुमानेको संख्या पौने दुईलाख हुन थालिसकेको छ । संक्रमण अझैं पनि उकालो लागिरहेको छ । हाल विश्वका २ सय १५ राष्ट्रूमा फैलिएको यो रोगले सुविधा सम्पन्न अस्पताल पनि नाकाम बनाइदिएको छ । नेपाल जस्ता विकासशील देशमा सामान्य एउटा सिटामोल समेत खान नपाएर ज्यान गुमाउनु पर्ने भयाबह स्थिति निम्त्याउने देखिन्छ । उपचार निकै महंगो र दुर्लभ हुने भएकाले पनि यो रोग असामान्य देखा परिरहेको छ । निजी अस्पतालहरूमा यसको उपचार चर्को शुल्कका कारण संभव देखिएको छैन ।

यसको रोकथामको उपाय नै सबैभन्दा भरपर्दो देखिएको छ । हामी सबैले आफु, आफ्नो घरपरिवार टोल छिमेक, समुदाय, समाज र देशका सबै नागरिकलाई यो रोगबाट सुरक्षति राख्न रोकथामका मापदण्ड नै सबैभन्दा प्रभावकारी देखिएको छ ।

अहिले हाम्रो देशमा न त पर्याप्त सुविधासम्पन्न स्वास्थ्य पूर्वाधार छन् न त सत्तासिन पार्टी र त्यसका नेताहरू नै जिम्मेवार छन् । संक्रमणको सुरूमै सरकार र सत्तासिन नेता आवश्यक मात्रामा मात्र संवेदन भइदिएको भए यति ठुलो मानवीय क्षति हुने थिएन । भ्रष्टचारमा लिप्त यो सरकारले सत्ताको पछि मात्र नलागेर थोरै मात्र रोग नियन्त्रण गर्न ध्यान दिएको भए नेपालको कुनाकुनामा यो रोग फैलिने थिएन ।

सबैलाई थाहा भएकै कुरा हो नेपालमा पहिलो पटक कोरोना संक्रमण १० माघ (जनवरी २४) मा पुष्टि भएको थियो । चीनको वुहान युनिभर्सिटीमा पीएचडी अध्ययनरत ३२ वर्षीय पुरूषमा नेपालमा पहिलोपटक कोरोना पोजिटिभ देखिएको थियो । त्यसको ४ महिना पछि ३ जेठमा २९ वर्षीय सिन्धुपाल्चोकी एउटा सुत्केरी महिलाको ज्यान गएको थियो । नेपालमा पहिलोपटक कोरोना भाइरस संक्रमणबाट ज्यान गुमाउने उनी सुत्केरी महिला थिइन । उनको धुलीखेल अस्पतालमा उपचारका क्रममा ज्यान गएको थियो । ३ जेठ सम्ममा नेपाल जम्मा २ सय ८१ कोरोना सत्क्रमित थिए भने ३६ जना निको भएर घर गाइसकेका थिए ।

जब नेपालमा पहिलो संक्रमण देखिएको थियो त्यो बेला नै सरकारले जिम्मेवार पूर्ण ध्यान दिएर आमजनताप्रति जिम्मेवारी देखाएर सत्तापछि मात्र नकुदेको भए कोरोना सत्क्रमंणबाट आजको मितिसम्म यो बिकराल अवस्था भोग्नु पर्ने थिएन । आज नेपालमा कोरोना संक्रमण जसरी फैलिएर मानिसको ज्यान गइरहेको छ त्यसको जिम्मेवार एउटा सरकार मात्र नभएर हामी स्वयम् नागरिक पनि छौं ।

सरकारले गरेको गम्भीर त्रुटि त छदै छ त्यसमा नागरिकहरूको पनि चरम लापरवाही छ । सरकारको नालायकपन सरोकारवाला जिम्मेवार निकाय, संगठित संघसंस्था र स्वयम नागरिकको गैरजिम्मेवारले गर्दा नेपालमा आज कोरोनाले भयावह अवस्था सिर्जना गरेको छ । सरकारले भारतका सीमावर्ती क्षेत्रमा गरेको अव्यवस्थित क्वारेन्टाइन, बारा, पर्सा, सप्तरी, सुनसरी, भोजपुर, कविलवस्तु सर्लाही, रौतहट, मोरङ, सुदुरपश्चिमा लगायतका जिल्लामा भएको अव्यवस्थित क्वारेन्टाइन बसोबासले गर्दा आज नेपालले ठुलो मानविय क्षति गुमाउनु पर्ने अवस्था आएको हो । सरकार र जिम्मेवार निकाय र आमनागरीकले सामान्य सावधानी समेत नअपनाएकै कारण आज नेपालमा दैनिक कोरोना संक्रमण हुनेको संख्या ५ सयभन्दा बढीले नाघिरहेको छ भने मर्नेको संख्या समेत दैनिक बढ्दै गएको छ । भ्रष्टचार लिप्त सरकारले सुरूमै भारतबाट आएका सबै नागरिकलाई धेरैभन्दा धेरै आरडीटी चेकजाँचमा ध्यान दिएको भए यो अवस्था आउने थिएन ।

स्वास्थ्य सुरक्षामा ध्यान नदिएकै कारण अहिले स्वास्थ्यकर्मी सुरक्षामा खटिएका प्रहरी सुरक्षाकर्मी र सरकारी सेवामा खटिएका सरकारी कर्मचारीलाई समेत संक्रमित हुँदै गएका छन् । सरकार, सरोवारवाला निकाय र आम नागरिकको लापरवाहीकै कारण कोरोना संक्रमण टोल छिमेक, समुदाय समुदाय फैलिइसकेको छ ।

सरकारलाई मात्र दोष दिनुभन्दा हामी स्वयम जिम्मेवार हुनुपर्छ । कोरोनाको संक्रमण घरघर टोलटोलमा फैलिइसकेको छ । अझै पनि हामी रोगलाई फैलिन नदिइने भन्दा पनि रोगलाई नै जिस्काइ रहेका छौं । बजारमा सामान किन्न जाँदा होस वा कार्यालयमा काम गर्न जाँदा अधिकाशंले यो रोगबाट संक्रमित नहुन सामान्य सावधानी समेत अपनाएको पाइँदैन ।

– राजधानी दैनिक

# निःशुल्क हवाई सेवाले दुर्गमका गर्भवतीको ज्यान जोगिदै

हेमन्त केसी

जाजरकोट। स्वास्थ्य संस्था तथा आवश्यक उपकरणको अभावमा समस्या भोगिरहेका कर्णालीका गर्भवती महिलाको हवाई मार्गबाट उद्धार हुँदा दर्जनौंको ज्यान बचेको छ। महिला तथा बालबालिका मन्त्रालयअर्न्तगत राष्टूपति उद्धार कोषले कर्णालीका गर्भवती महिलाको हेलिकप्टरबाट निःशुल्क उद्धार गरेपछि ज्यान बचेको हो।

हवाई उद्धार कार्यक्रम सञ्चालन भएका ३० जिल्लामा पूर्णरूपमा र चार जिल्लामा आंशिकरूपमा निःशुल्क हवाई उद्धार कार्यक्रम सञ्चालन भएको छ। दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुका लागि हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७५ मार्फत उद्धार गरिएको हो।

सडक सञ्जालमा नजोडिएका र सहज यातायात पहुँच नभएका ठाउँका गर्भवती महिलाहरूको हेलिकप्टरबाट तत्काल उद्धार र उपचार कार्यक्रम निकै प्रभावकारी भएको हो। सुविधा सम्पन्न र अत्यावश्यक स्वास्थ्य उपकरण नभएका हिमाली जिल्लाका स्वास्थ्य संस्थामा उपचार हुन नसक्ने अवस्थाका कर्णालीका गर्भवतीहरूको हवाई मार्गबाट उद्धार गरी प्रदेश अस्पताल सुर्खेत र नेपालगञ्ज लगेर आमा तथा शिशुको ज्यान बचाउने काममा यो कार्यक्रम निकै प्रभावकारी बन्दै गएको हो।

विसं २०७६ असार ११ गतेसम्म डोल्पामा चार, जाजरकोटमा एक, हुम्लामा दुई र मुगुमा चार गर्भवतीको उद्धार भएको थियो। त्यस्तै आर्थिक वर्ष २०७६/७७ मा जाजरकोटमा छ, डोल्पामा १०, हुम्लामा आठ, मुगुमा चार र कालीकोटमा एक जनाको उद्धार गरिएको छ। आर्थिक वर्ष २०७५/७६ मा देशैभरिबाट २६ र आर्थिक वर्ष ७६/७७ मा ८७ गरी जम्मा ११३ सुत्केरी तथा गर्भवतीको उद्धार गरिएको कोषले जनाएको छ।

सुत्केरी व्यथाले छटपटाइ रहेका महिलालाई तत्काल हेलिकप्टरमार्फत उद्धार गरेर सुविधा सम्पन्न अस्पताल पुऱ्याएपछि कर्णालीमा यो कार्यक्रम प्रभावकारी भएको जाजरकोटका प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले जानकारी दिनुभयो । उहाँका अनुसार दुर्गम गाउँमा सडक पहुँच नहुनु र भएका सडक पनि हिउँदको महिनामा मात्र सञ्चालन हुने भएकाले पनि व्यथा लागेका गर्भवतीलाई सुविधा सम्पन्न स्वास्थ्य संस्थामा पुर्‍याउन हेलिकप्टर प्रयोग गर्नुको विकल्प छैन।

“व्यथा लागेको लामो समय घरमै राख्ने स्थानीय चलनले स्वास्थ्यकर्मीलाई नै ढिला खबर हुन्छ”, प्रतिअ पन्तले भन्नुभयो, “उद्धारको पहलका लागि अन्तिम समयमा मात्रै खबर आउँछ, त्यस्तो आपत परेको बेला व्यथाले मृत्युसँग लडिरहेका महिलाका निकै उपयोगी भएको छ।”

जाजरकोट जिल्ला सडक सञ्जालको पहुँचमा भए पनि कच्ची सडक, वर्षाले सडकमा सवारी साधन सञ्चालनमा आउने समस्याले अधिकांश गर्भवतीलाई समयमै स्वास्थ्य संस्था पुर्‍याउन मुस्किल हुँदै आएको छ। उत्ता डोल्पाको सदरमुकामसम्म मात्र सडकको टूयाक खोल्ने काम भएकाले त्यस बाहेकका अधिकांश बस्तीको यातायातको एकमात्र विकल्प हेकिकप्टर नै हो। त्यसैले पनि यहाँका अधिकांश गर्भवतीको उद्धारमा हेलिकप्टरको प्रयोग हुँदै आएको छ। महिलाहरूको उद्धारमा प्रयोग भएका हेलिकप्टरको भाडावापत लाग्ने खर्च राष्ट्रपति उद्धार कोषले नै व्यहार्ने भएकाले यो कार्य जोखिममा परेका महिलाको जीवनरक्षकका रूपमा रहेको डोल्पाका प्रमुख जिल्ला अधिकारी सुरेश सुनारले बताउनुभयो।

“दुर्गम गाउँमा गर्भवतीलाई सुत्केरी व्यथा लाग्नासाथ स्वास्थ्य संस्था लैजानुभन्दा पहिला परम्परागत धामीझाँक्री देखाउने र झारफुक गराउनाले कति आमा र नवजात शिशुको अकालमा ज्यान जाने गर्थ्यो”, नलगाड नगरपालिकाका प्रमुख टेकबहादुर रावलले भन्नुभयो, “सरकराले राष्ट्रपति उद्धार कोषमार्फत उद्धार कार्यक्रम शुरु गरेपछि दुर्गमका आमा र शिशुहरूको ज्यान बचाउन निकै सहयोगी भएको छ।” उहाँका अनुसार अझै यस कार्यक्रमका बारेमा अपेक्षितरूपमा प्रचार नहुँदा दूरदराजका दिदी/बहिनीहरूले अकालमा ज्यान गुमाइरहनुपरेको छ।

कार्यक्रममार्फत गर्भवतीको उद्धार गर्न गाउँमै हेलिकप्टर आउन थालेपछि जिल्लाका अधिकांश वडाहरूमा हेलिप्याड निर्माण हुन थालेका छन् । जाजरकोटको बारेकोट गाउँपालिकाले गएको आर्थिक वर्षमै मातहतका सबै वडामा हेलिप्याड निर्माण गरिसकेको जनाएको छ। अन्य स्थानीय तहले पनि पायक पर्ने ठाउँमा हेलिप्याड निर्माणका लागि कार्य शुरु गरेको प्रजिअ पन्तले जानकारी दिनुभयो ।

डोल्पाका स्थानीय तहले पनि आपसी समन्वयमा हेलिप्याड निर्माण गर्ने काम अघि बढाएका छन् । दुर्गम गाउँमा गर्भवतीलाई सुत्केरी वेथा लागेपछि स्वास्थ्य संस्था पुर्‍याउँदा लाग्ने समयले दुःखद् परिणाम नआओस् भन्न हरेक स्थानीय तहको पायक पर्ने स्थानमा हेलिप्याड निर्माणको अवधारणा अघि सारिएको छ।

जन आकाश
Jana Aakash National Weekly


# अस्पतालको अभावमा मान्छेहरूले दुःख पाउनुपरेको अवस्था छैन

बाग्मती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले आफनो प्रदेशभित्र काठमाडौंभन्दा बाहिरका जिल्लामा बेड, आइसोलेसन, अस्पतालको अभावमा मान्छेहरूले दुःख पाउनु नपरेको अवस्था सुनाए । आज बिहान नेपाली रेडियो नेटवर्कबाट प्रसारण भएको नेपाली बहस कार्यक्रममा पत्रकार ऋषि धमलासँग कुरा गर्दै उनले यस्तो बताएका हुन् । उनले सरकारको तर्फबाट चाल्नसक्ने किसिमका कदमहरु चालिएको र कुनै कमी हुन नदिइएको दाबीसमेत गरेका छन् । उनले भनेका छन्,यो संक्रमण देशव्यापीमात्र नभएर विश्वव्यापी रूपमा नै फैलिएको छ । यसको नियन्त्रण गर्न त्यतिनै चुनौतीपूर्ण छ । यसका निमित्त हामीले अनगिन्ती प्रयासहरु गरिरहेका छौँ । प्रस्तुत छ मुख्यमन्त्री पौडेलसँग पत्रकार धमलाले गरेको कुराकानीको सम्पादित अंशः

**० बाग्मती प्रदेशमा कोरोनाको संक्रमणको अवस्था के छ ? रोकथामको लागि तपाईहरूले के गरिरहनुभएको छ ?**

– सरकारको तर्फबाट चाल्नसक्ने किसिमका कदमहरु चालिएका छन् । कुनै कमी हुन दिइएको छैन । यो संक्रमण देशव्यापीमात्र नभएर विश्वव्यापी रूपमा नै फैलिएको छ । यसको नियन्त्रण गर्न त्यतिनै चुनौतीपूर्ण छ । यसका निमित्त हामीले अनगिन्ती प्रयासहरु गरिरहेका छौँ ।

**० तपाईहरूले चमत्कार नै गर्न सक्नुभएन, विरामीहरु छटपटाइरहेका छन्, बेड नपाएर ?**

प्रदेश, केन्द्रले अस्तिमात्र के निर्णय गरेको छ भने काठमाडौं उपत्यका बाहेकका जिल्लाहरुमा प्रदेश सरकारले हेर्ने, काठमाडौं उपत्यकालाई संघीय सरकारले हेर्ने भन्ने कुराको नीतिगत निर्णय भएको छ । स्थानीय तहमा स्थानीय सरकारले हेर्ने भन्ने नीति छ । हामीसँग जम्माजम्मी १० ओटा जिल्ला मात्रमा अस्पतालहरु छन् । अस्पताल नभएका ठाउँमा हामीले अस्पताल लिँदैछौँ ।

हामीले व्यवस्थापन गर्नुपर्ने यी जिल्लाहरूमा भक्तपुरमा २५० बेडको आइसोलेसन वार्डहरूको निर्माण गर्ने काम भईरहेको छ । प्रदेश सरकारले गर्नुपर्ने हाम्रो दायित्वभित्र पर्ने सबै खालका कामहरु यसलाई नियन्त्रण गर्न क्वारेन्टाइन, आइसोलेसन वार्ड, होल्डिंग स्टेशनको व्यवस्था गरेका छौँ । चितवनमा डेडिकेटेड अस्पतालको निर्माण गरेका छौँ तर अस्पतालको आन्तरिक विवादले गर्दाखेरि अस्पताल चल्न सकेको छैन ।

**० चितवनको कोभिड अस्पतालहरु किन चल्न सकेनन् ?**

सुरूमा नै हामीले १ करोडभन्दा बढी लगानी गरेर अलग्गै निर्माण गरेका थियौं । निर्माण गरेर सञ्चालन गर्ने क्रममा त्यहाँको सरकारी अस्पताल र कोभिड अस्पतालको बीचमा विवाद भयो । विवादपछि त्यहाँको अस्पतालको सामग्रीहरु पनि चोरी भएका भिडियोहरु पनि हामीले हेरेका थियौं । अस्पताल पनि बन्द भयो । अख्तियारले छानविन गरिरहेको छ । त्यसैले अस्पताल अहिले बन्द छ ।

**० अस्पताल बन्द छ, यसमा तपाईहरूको निकम्माको कारणले गर्दा होइन र ?**

डेडिकेटेड अस्पताल भनेर हामीले जुन बनायौं, त्यो बन्द छ ।

**० त्यसोभए अब के गर्नुहुन्छ ? विकल्प के छ ?**

त्यसका निमित्त विकल्पको रूपमा हामीले अहिले भर्खर देवघाट जाने ठाउँमा एउटा ठुलो प्राकृतिक चिकित्सालय छ, त्यसलाई नै अहिले अस्पतालको रूपमा आइसोलेसन वार्ड बनाएर प्रयोग गर्ने भनेर त्यहाँ व्यापक काम भईरहेको छ । ७० बेड हामीले आजैदेखि राख्न सक्ने अवस्थामा पुगेका छौँ । त्यो हाम्रो अस्पताल होईन । चितवनामा प्रदेश सरकारको मातहतमा रहने अस्पताल छैन । १५० बेडको आइसोलेसन वार्ड टाँडीको अस्पतालमा बनाउँदैछौँ ।

**० अहिले अक्सिजन, भेन्टिलेटर छैन । चितवनमा पनि समस्या छ, विरामीहरुको अवस्था कस्तो होला ?**

– चितवनमा अहिले कहाँ कति खाली छन्, कति ओटा खाली छन् भन्ने कुराको जम्मै रेकर्ड छ । त्यसकारण यो प्रदेशभित्रका काठमाडौं जिल्लाभन्दा बाहिरका जिल्लाहरूमा बेड, आइसोलेसन, अस्पतालको अभावमा मान्छेहरूले दुःख पाउनुपरेको अवस्था छैन ।

**० त्यसोभए विरामीहरुको उपचारको लागि कुनै समस्या छैन ?**

– छैन छैन ।

**० संक्रमणको संख्या प्रत्येक दिन बढिरहेको छ । रोकथाम गर्न सक्नुहुन्छ ?**

– अरु हिसाबले त सकिन्छ । जनशक्तिको लागि अलिकति समस्या छ । हामीले भेन्टिलेशनहरूको तयारी गरेका छौँ । हेटौंडा, त्रिशुली, भक्तपुर, धादिङमा भेन्टिलेशन र आइसोलेसनको तयारी गरिएको छ । यहाँ सबै राम्रोसँग हामीले भेन्टिलेटर बाँडिसकेका छौँ । आइ.सी.यु वार्डहरूको तयारी गरिसकेका छौँ तर दुःखद कुरा के छ भने यी सबै चलाउनको लागि हामीसँग म्यानपावर जति हुनुपर्ने हो, त्यति छैन । खासगरी एनेस्थेसिया पाउन नसकिएको कारणले समस्या छ ।

**० भयावह स्थिति हुँदैछ नि त ?**

हामीसँग भएको स्रोत, साधन र शक्तिहरूको अधिकतम प्रयोग गर्ने हो । अहिले १८ देखि २० घण्टा मान्छेहरु खटेर लागिरहेका छन् । आइसोलेसन सबै जिल्लाहरूमा जोडतोडले बनिरहेको छ । सबै मान्छे खाई नखाई काम गरिरहनुभएको छ । स्वास्थ्यकर्मीहरूमा जुन ढंगले संक्रमण फैलियो, यो सबैभन्दा खतरा र डरलाग्दो विषय हो । स्वयम् उपचार गर्ने मान्छेहरु नै संक्रमित भएपछि उहाँहरूलाई सुरक्षाको उपाय अपनाउनुपर्छ । यसले समस्या ल्याउन सक्छ । नियन्त्रणभन्दा बाहिर अहिले गईसकेको छैन । हामी सकेसम्म नियन्त्रणभन्दा बाहिर हामी जान दिँदैनौँ ।

**० कोरोना नियन्त्रणका लागि संघीय सरकारले सहयोग गरेको छ तपाईहरूलाई, पूर्ण रूपमा ?**

– स्थानीय सरकारले नै जिम्मेवारी लिएको छ । होल्डिंग एशोसियशनको सञ्चालन गर्ने र क्वारेन्टाइनको व्यवस्था गर्ने काम लिएको छ । क्वारेन्टाइनलाई विस्तारै व्यवस्थापन गरेर होम क्वारेन्टाइनलाई पहिलो प्राथमिकता दिनुपर्छ भन्ने छ र होम क्वारेन्टाइनमा बस्न नसक्ने र बस्न नहुने मान्छेलाई मात्र क्वारेन्टाइनमा राख्ने भन्ने हामीले अहिले पोलिसी बनाइरहेका छौँ । त्यसले गर्दाखेरि क्वारेन्टाइनलाई भन्दा पनि क्वारेन्टाइन भएका ठाउँहरूलाई नै आइसोलेसन सेन्टरमा परिणत गर्ने र अबका विरामीहरुलाई पनि अब धेरै आइसोलेसन वार्डमा सरकारले व्यवस्था गर्नेभन्दा पनि सम्भावना भएसम्म हामीले एउटा समिति बनाएका छौँ, त्यो समितिले संक्रमितको शंका लागिसकेपछि सम्बन्धित व्यक्तिको घरमा गएर उसले अलग्गै बस्न सक्ने स्थिति छ कि छैन, उसको रूम छ कि छैन, ट्वाइलेट, वाथरूमको व्यवस्था छ कि छैन, परिवारको संख्या, बच्चा कति छन् भन्ने हिसाबमा हेरेर अनुगमन गरेर यदि त्यो मान्छे घरमा पनि सुरक्षित बस्न सक्छ भने होम आइसोलेसन सबैभन्दा उपयुक्त हुन्छ ।

**० नेपाल कम्युनिष्ट पार्टीभित्रको विवाद समाधान कार्यपत्र बुझाइएको छ । अध्यक्ष प्रचण्ड र के.पी. शर्मा ओलीलाई ? मुख्यमन्त्रीहरूको हेरफेरको कुरा आएको छ ?**

– खोइ त्यस्तो हल्ला अलि अलि मैले पनि सुनेको हो । तर त्यो हल्लामा कुनै सत्यता छ जस्तो मलाई लाग्दैन । मुख्यमन्त्री फेर्ने भन्ने कुरा कसैको इच्छामा कसैलाई मुख्यमन्त्री बन्न मन लाग्यो, कसैले प्रधानमन्त्री बन्न मन लाग्यो, त्यो आधारमा फेरिन्छ भन्ने मलाई लाग्दैन । जुन पद्धतिबाट हामी मुख्यमन्त्री बन्यौं, त्यो मुख्यमन्त्री हट्दाखेरि पनि त एउटा सिस्टम होला ।

त्यत्तिकै त कसैको चाहनाले त हुँदैन होला । त्यसमा मलाई लाग्छ, अहिलेको जुन प्रतिवेदनहरु हिजो बुझाइएकोमा मुख्यमन्त्री नै परिवर्तन गर्ने खालका कुराहरु आएको छैन भन्ने मेरो बुझाइ हो ।



## डोरमणि पौडेल
## मुख्यमन्त्री, बागमती प्रदेश

# विद्युत प्राधिकरणको नेतृत्वका लागि दौडधुप, कुलमान पुनः नियुक्ती हुने

काठमाडौं । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको कार्यकाल यही भदौ २९ गते सकिँदैछ । २०७३ भदौ २९ गते कार्यकारी निर्देशक भएर देशलाई लोडसेडिङमुक्त बनाउन भूमिका खेलेका घिसिङको ४ वर्षे कार्यकाल सकिन लागेसँगै प्राधिकरणमा नयाँ नेतृत्वको लागि रस्साकस्सी सुरू भएको छ । प्राधिकरणका वर्तमान र पूर्वअधिकारीहरूसँगै अन्य सरकारी अधिकारी पनि घिसिङले छाड्न लागेको कुर्सीको दौडमा छन् । कतिपय दावेदारले प्रधानमन्त्री निकटका नेताहरूसँग भेटघाट बढाएका छन् । सरकारले पुनः जिम्मेवारी दिए थप एक कार्यकाल प्राधिकरण हाँक्न घिसिङ आफैं पनि इच्छुक छन् । लोडसेडिङ हटाएपछि प्राधिकरणसामु आएका ठूला चुनौतीहरूको विश्लेषण गरेर सरकारले जिम्मेवारी दिए आफू कार्यकाल दोहोऱ्याउन तयार रहेको घिसिङले बताउने गरेका छन् । यद्यपि, प्राधिकरणमा भित्रिने जोडबलमा लागेका उमेदवारहरू हेर्दा घिसिङको दोहोरिने सम्भावना न्युन रहेको पछिल्ला चलखेलका जानकारहरू बताउँछन् । हुनपनि, विद्युतको नेतृत्वमा आउन पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सुशील ज्ञावाली नै लागिपरेको चर्चा अझै सेलाइसकेको छैन । हुन त यसबारे समाचारहरू आएपछि उनले आफू त्यो दौडमा नरहेको भन्दै समाजिक सञ्जालमार्फत खण्डन गरेका छन् । उनी लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत (सीईओ) पदको लागि आवेदन दिएर अन्तरवार्ताका लागि छानिइसकेपछि 'प्रधानमन्त्री केपी शर्मा ओलीको इच्छा अनुसार' पछि हटेका थिए । लगानी बोर्डमा सुशील भट्ट र विद्युत प्राधिकरणमा ज्ञवालीलाई नियुक्त गर्ने गरी मिलाइएको चर्चा थियो । सामाजिक सञ्जालमा भने ज्ञवालीले त्यसलाई नकारेका छन् । विद्युत प्राधिकरणमा नियुक्तिका लागि उनको लबिङ भने नरोकिएको नेकपा स्रोत बताउँछ । प्राधिकरणको नेतृत्वमा आउन चाहेका अर्का पात्र विद्युत विकास विभागका महानिर्देशक नवीन सिंह हुन् । लामो समयदेखि विद्युत विकास विभागमा रहेका उनलाई प्राधिकरण मात्र हैन, ऊर्जा मन्त्रालयका कर्मचारीले पनि खासै रूचाउँदैनन् । विभिन्न जलविद्युत आयोजनाको लाइसेन्स वितरणमा चलखेलको आरोप खेपेका सिंहले प्राधिकरणको नेतृत्व पाउने सम्भावना कम रहेको मानिन्छ । कमजोर कार्यसम्पादनका कारण हटाइएका सिंह पछि कुनै तरिकाले विद्युत विकास विभाग फर्कन सकेका थिए । अहिले उनी विद्युत प्राधिकरणको नेतृत्वका लागि नेता रिझाउन लागिपरेको स्रोत बताउँछ । यसबाहेक प्राधिकरणका पूर्वकार्यकारी तथा उपकार्यकारी निर्देशकहरू पनि प्राधिकरण फर्कन इच्छुक छन् । उनीहरूले दलका नेताहरूसँगको भेटघाट बढाएका छन् । यो दौडमा सबभन्दा बढी पूर्वकार्यकारी निर्देशक मुकेश काफले कस्सिएको मन्त्रालय स्रोत बताउँछ । स्रोतका अनुसार, उनी पाएसम्म आफैं, नभए आफना विश्वासिला पूर्वउपकार्यकारी निर्देशक शेरसिंह भाटलाई ल्याउन कस्सिएका छन् । यद्यपि भाटले भने आफू यो दौडमा नरहेको सार्वजनिक रूपमा स्पष्ट पारिसकेका छन् । प्राधिकरणकै केही बहालवाला अधिकारी पनि कार्यकारी निर्देशकका रूपमा काम गर्न इच्छुक छन् । उनीहरू खुलेर लबिङमा भने लागेका छैनन् । कुलमान घिसिङले दोहोरिने इच्छा देखाएपछि उनको टिममा काम गरेका बहालवाला उपकार्यकारी निर्देशकहरूलाई खुला पहल गर्न अप्ठेरो परेको छ । प्राधिकरणका उपकार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य पनि कार्यकारी निर्देशक बन्ने दौडमा छन् । प्राधिकरणका एक पूर्वउपकार्यकारी निर्देशक घिसिङको इच्छा थाहा भएपछि उनलाई समर्थन गर्दै आफूले दावेदारी नराख्ने निर्णय लिएको बताउँछन् ।

कुलमानको पुनः नियुक्तिको चर्चा

सामाजिक सन्जालमा घिसिङलाई अर्को कार्यकालका लागि पुनः नियुक्ति गर्नुपर्ने माग उठेको छ । भदौ १ गते भएको प्राधिकरणको ३५औं वार्षिकोत्सव कार्यक्रममा आधिकारिक ट्रेड युनियनले समेत घिसिङलाई अर्को कार्यकाल पनि काम गर्न दिन माग गरेको थियो ।

कुलमान घिसिङ

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री वर्षमान पुन प्रमुख अतिथि रहेको कार्यक्रममा भएको त्यो मागले घिसिङको पुनः नियुक्ति सम्बन्धी बहस सुरू गरेको थियो । नेपाल विद्युत् प्रधिकरण कर्मचारी युनियनका अध्यक्ष रामेश्वर पौडेलले ४ वर्षमा घिसिङको नेतृत्वमा प्राधिकरणले ठूलो प्रगति गरेकाले प्राधिकरणको ३६ औं वार्षिकोत्सव पनि यही टिमले मनाउन पाउनुपर्ने बताएका थिए । 'हामी कर्मचारीलाई ४ वर्षअघि प्राधिकरणको ड्रेस लगाएर हिँड्न नसक्ने अवस्था थियो । अहिले म प्राधिकरणको कर्मचारी हुँ भनेर छाती फुलाउने अवस्था छ । यो कुलमान घिसिङकै नेतृत्वमा सम्भव भएकाले सरकारले मूल्यांकन अवश्य नै गर्नेछ भन्ने अपेक्षा छ,' उनले भनेका थिए । कार्यक्रममै सामुदायिक विद्युत उपभोक्ता महासंघका अध्यक्ष नारायण ज्ञवालीले पनि १४ घण्टाको कहालीलाग्दो लोडसेडिङ अन्त्य गर्न सफल भएकाले प्राधिकरणको अहिलेको टिमलाई नै काम गर्न दिनुपर्ने बताएका थिए । घिसिङलाई दोहोर्याउन चौतर्फी माग भइरहे पनि दोस्रो कार्यकालका लागि उनी नियुक्त हुन्छन् भन्न सकिने अवस्था भने छैन । राम्रो काम गरेर सर्बत्र कमाएको प्रशंसा र मिडियाप्रेमी छवी नै पनि उनको लागि समस्या भएको प्राधिकरण स्रोत बताउँछ ।

'कार्यसम्पादनको आधारमा घिसिङको कार्यकाल दोहोरिने सम्भावना पछिल्ला दिनमा नबढेको भने होइन', स्रोत भन्छ, 'कदाचित लोकप्रियता र कार्यसम्पादन रेकर्डले काम गर्यो भनेचाहिँ उनले मिडियाप्रेम त्यागेर अघि बढ्नुपर्ने हुन्छ ।' अहिले प्राधिकरणको सञ्चालक समितिमा ऊर्जामन्त्री वर्षमान पुन आफैं छन् । तर, प्राधिकरणको हरेक नीतिगत निर्णयसहित मार्गदर्शन गरिरहेका मन्त्रीको भन्दा बढी घिसिङको चर्चा हुने गरेको छ । प्राधिकरणको सुधारमा सिंगै टिमको योगदान रहेपनि व्यक्ति केन्द्रित चर्चाका कारण घिसिङ दोहोरिन असहजता भएको मन्त्रालयका एक अधिकारी बताउँछन् । उहाँ जत्तिको काम गर्ने मान्छे अहिले प्राधिकरणका लागि उपलब्ध छैनन्,' ती अधिकारी भन्छन्, 'केही कुरा सुधारेर अघि बढ्ने अठोट भयो भने कुलमान घिसिङ दोहोरिने सम्भावना नकार्न सकिँदैन ।'

# सिटी एक्सप्रेस मनि ट्रान्सफर र एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. बिच सम्झौता

काठमाण्डौं । सिटी एक्सप्रेस मनि ट्रान्सफर र एन आई सी एशिया लघुवित्त वित्तीय संस्था बिच सम्झौता भएको छ जसअन्तर्गत अब सिटी एक्सप्रेस मनि ट्रान्सफरको भुक्तानी एन आई सी एशिया लघुवित्तका शाखाहरु बाट पनि हुने भएको छ । एन आई सी एशियाका देशभर १०५ लघुवित्तका शाखाहरु रहेका छन् । उक्त शाखाहरु मार्फत सिटी एक्सप्रेसका आन्तरिक तथा अन्तराष्ट्रिय कारोबारहरुको भुक्तानी हुनेछ । उक्त सम्झौतामा सिटी एक्सप्रेस मनि ट्रान्सफरका प्रबन्ध निर्देशक चन्द्र टण्डन र एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत लक्ष्मी प्रसाद शर्माले हस्ताक्षर गर्नु भएको छ ।

सिटी एक्सप्रेसले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १४ वर्ष देखि कोरिया, जापान, साउदी, कतार, कुवेत, मलेशिया,अष्ट्रलिया, आदि थुप्रै देशहरु मार्फत विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ । आन्तरिक विप्रेषण अन्तरर्गत सिटी एक्सप्रेसका देशभर छरिएर रहेका ८५०० भन्दा बढि भुक्तानी केन्द्रहरु मार्फत छिटो, सहज र सुरक्षित तरिकाले भुक्तानी प्रदान गर्ने, कुनै पनि बैंकको खातामा रकम जम्मा गर्ने र मोबाईल वालेटमा लोड गर्न सकिने जस्ता सुविधाहरु प्रदान गर्दै आइरहेको छ ।

# मुक्तिनाथ विकास बैंकका ग्राहकहरुलाई विभिन्न व्यवसायिक संस्थाका सेवाहरुमा छुट

काठमाण्डौं । मुक्तिनाथ विकास बैंक लि.ले आफ्ना ग्राहकहरुलाई अझ उत्कृष्ट सेवा प्रदान गर्नका लागि विभिन्न व्यवसायिक संस्थाहरुसंग विशेष छुट प्रदान गर्ने गरी सम्झौता गरेको छ ।

मुक्तिनाथ बैंकले विभिन्न प्रतिष्ठित व्यवसायिक संस्थाहरुसंग सहकार्य गरेको छ । यस सम्झौता पश्चात मुक्तिनाथ विकास बैंकका भिषा डेबिट कार्डवाहक तथा मोबाईल बैंकिङ्ग प्रयोगकर्ता ग्राहकहरूले उल्लेखित कम्पनीहरुबाट सेवा सुविधा लिदा १५५ सम्मको छुट पाउने समेत व्यवस्था गरिएको छ ।

साथै बैंकको ग्राहकले भिषा नेटवर्क अन्तर्गत जुन सुकै बैंकको एटिएमबाट विना शुल्क रकम झिक्न सकिने बैंकका प्रमुख सुचना अधिकारी श्री तिल बहादुर गुरुङले बताउनुभयो ।

# डिजिटल बैंकिलाई लक्षित गरी सनराइजले ल्यायो नारी बचत खाता

काठमाडौं । डिजिटल माध्यममा नयाँ नयाँ सेवा र सुविधाहरु प्रदान गर्दै अघि बढिरहेको सनराइज बैंकले महिलाहरुलाई प्रविधिमैत्री बनाउने उद्देश्यका साथ सनराइज नारी बचत खाता सुरुवात गरेको छ । तीजको विशेष अवसर पारेर सुरुवात गरेको उक्त खाताले महिलाहरुको सशक्तीकरणमा महत्वपूर्ण भूमिका खेल्ने बैंकको विश्वास लिएको जनाएको छ ।

उत्सवको मौसमलाई मध्यनजर गर्दै बैंकले उक्त खाता शुन्य मौज्दातमा खोल्न सकिने व्यवस्थाका साथै पहिलो वर्ष निःशुल्क डेबिट कार्ड, मोबाइल बैंकिङ्ग र निःशुल्क डिम्याट खाता, लकर चार्जमा ५० प्रतिशत छुट र केही गर्ने उद्देश्य राखेका महिलाहरुलाई प्रोत्साहन पुगोस् भनी कर्जा लिदाको प्रक्रियागत खर्चमा विशेष छुटको व्यवस्था समेत गरेको छ । साथै महिलाहरुले डिजिटल भुक्तानी गर्दा भुक्तानी रकमको १० प्रतिशत वा रु २,००० सम्मको क्यास ब्याक दिने व्यवस्था समेत गरेको छ ।

विभिन्न स्वास्थ्य बीमा समेत समावेश रहेको उक्त खाता हाल यस लकडाउनको अवस्थामा ग्राहकहरुले घर बसीबसी अनलाइनबाट खोल्न सकिने बैंकले जनाएको छ ।

# सिद्धार्थ बैंक र घटण ट्रान्सपोर्ट सोलुसन्सबीच सम्झौता

काठमाडौं । सिद्धार्थ बैंक लिमिटेडले सार्वजनिक यातायातको साधनमा अन्तर्राष्ट्रिय स्तरको डिजिटल भुक्तानी गर्ने उद्देश्यका साथ घटण ट्रान्सपोर्ट सोलुसन्ससँग व्यावसायिक सम्झौता गरेको छ ।

उक्त सम्झौतापत्रमा सिद्धार्थ बैंकका तर्फबाट सहायक महाप्रबन्धक सुरेश राजमर्जन र घटण ट्रान्सपोर्ट सोलुसन्स्का तर्फबाट प्रमुख कार्यकारी अधिकृत खुशल रेग्मीले हस्ताक्षर गर्नु भएको हो । यस सम्झौता पश्चात् घटण ट्रान्सपोर्ट सोलुसन्स अन्तर्गत सञ्चालनमा रहेको यातायातको साधनमा निकट भविष्यमा बैंकको एड मेसिन जडान गरिने र यात्रु महानुभावहरुले स्मार्ट प्रिपेड कार्ड प्रयोग गरि मार्फत आफ्नो बस भाडा भुक्तानी गर्न सक्नुहुनेछ ।

प्रयोग गरिने स्मार्ट प्रिपेड कार्ड सार्वजनिक यातायात तथा बैंकका शाखाहरुबाट खरिद र लोड गर्न सकिनेछ । बैंकको यो परियोजना नेपाल राष्ट्र बैंकको निर्देशनअनुरुप डिजिटलाइजेसनको तर्फ केन्द्रित रहेको र यस सेवाबाट नगद रहित कारोबारको उपयोग बढ्नुकासाथै यात्रु महानुभावहरुले केहि हदसम्म भएपनि बस भाडाका लागि खुद्रा बोक्नुपर्ने झन्झट नरहने विश्वास बैंकले लिएको छ ।

# ग्लोबल आइएमई बैंकद्वारा ट्राफिक प्रहरीलाई सहयोग

ग्लोबल आइएमई बैंक लिमिटेडले ट्राफिक प्रहरीलाई विभिन्न सामग्री सहयोग गरेको छ । बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उदयपुरको गाईघाटस्थित शाखाले ट्राफिक प्रहरीलाई जनचेतना मुलक ट्राफिक संकेत बोर्ड तथा पोलहरु हस्तान्तरण गरेको छ । बैंकको गाइघाट शाखाका प्रबन्धक रविनराज दाहालले जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरका प्रमुख प्रहरी नायव निरीक्षक होमप्रसाद खनालला‌ई उक्त जनचेतना मुलक ट्राफिक संकेत बोर्ड तथा पोलहरु हस्तान्तरण गरे ।

कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यलय प्रमुख प्रहरी नायव निरीक्षक खनालले बैंकले प्रदान गरेको ट्राफिक संकेत बोर्ड तथा पोलहरु जिल्ला भरिका आवश्यक स्थानहरुमा राखिने र उक्त संकेत बोर्डले जनचेतना फैलाउने, ट्राफिक नियमको पालना गर्न सहयोग पु्याउने र ट्राफिक जाम तथा दुर्घटना न्यूनीकरण गर्न सहयोग पु्याउने बताए । बैंकको गाइघाट शाखाका प्रबन्धक दाहालले जिल्ला ट्राफिक प्रहरी कार्यलय उदयपुरलाई सहयोग गर्न पाएकोमा खुशी व्यक्त गरे । बैंकले स्थापनाकालदेखि नै संस्थागत सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न सामाजिक कार्यहरुलाई निरन्तरता दिँदै आएको जनाएको छ ।

# सिभिल बैंकको बचत र मुद्दतीमा सर्वाधिक ब्याजदर

सिभिल बैंक लिमिटेडले सबै नेपालीका लागि सर्वाधिक ब्याजदर पाइने बचत खाता योजना 'प्रिमियम बचत खाता' ल्याएको छ । बैंकले बचत खातामा वार्षिक ६ प्रतिशत ब्याजदर प्रदान गर्नेछ ।

यस बचत खाताको न्युनतम मौज्दात १० हजार रुपैयाँ रहेको छ भने बचत खाता खोल्दा बैंकले ग्राहकहरुका लागि निःशुल्क इन्टरनेट बैंकिङ, एटीएम कार्ड, एसएमएस बैंकिङ् सेवा पनि प्रदान गर्नेछ । यसको अतिरिक्त बैंकले व्यक्तिगत मुद्दती निक्षेपमा पनि ८.७५ प्रतिशतको सर्वाधिक ब्याजदर प्रदान गर्दै आएको छ । विद्यमान कोरोना संक्रमणबाट सिर्जित कठिन अवस्थामा अन्य वित्तीय संस्थाहरुद्वारा निक्षेपमा प्रदान गरिएको न्यून ब्याजदरको तुलनामा आकर्षक ब्याज प्रदान गरिएको बैंकले दावी गरेको छ । सिभिल बैंक लिमिटेडले आफ्ना ग्राहकहरुलाई आगामी दिनमा थप यस्तै आकर्षक सेवा/योजनाहरु प्रदान गर्दै जाने जनाएको छ ।

# माछापुच्छ्रे बैंक र नेपाल बार एसोसिएसनबीच सम्झौता

माछापुच्छ्रे बैंक र नेपालका कानुन व्यवसायीहरूको छाता संगठन नेपाल बार एसोसिएसनबीच सम्झौता भएको छ ।

एसोसिएसनसँग प्रत्यक्ष र अप्रत्यक्ष रूपमा आवद्ध कानुन व्यवसायी तथा संस्थाहरूलाई बैंकिङ सेवा प्रदान गर्ने गरी सम्झौता भएको हो । सम्झौतामा माछापुच्छ्रे बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइराला तथा नेपाल बार एसोसिएसनको तर्फबाट महासचिव लीलामणि पौडेलले हस्ताक्षर गरेका हुन् । नेपालको संविधानमा उल्लेख भएको एक मात्र पेसागत संगठनको रूपमा रहेको नेपाल बार एसोसिएसनमा करिब २० हजार सदस्य आवद्ध छन् ।

सम्झौतापछि नेपाल बार एसोसिएसनका सदस्यहरूले माछापुच्छ्रे बैंकका सम्पूर्ण शाखामार्फत निक्षेप खाता, कर्जा तथा अन्य बैंकिङ सेवामा सहुलियत प्राप्त गर्नेछन् ।

# बैंकिङ सहुलीयतले मोटरसाइकल र स्कुटरको ब्यापार बढ्यो

काठमाडौं । नीजि तथा साना गाडि बिक्रिका लागि गाडि कम्पनीहरुले बैंकहरुसँग सहकार्य गरेर बिक्रि बितरणको चाँजोमाँजो मिलाएपनि बिक्रि भने खासै बढेन । गाडिको बिक्रि खासै नभएको गाडि कम्पनीहरुको भनाई छ । सार्वजनिक सवारी साधन बन्द भएका कारण मोटरसाइकल तथा स्कूटरका कम्पनी र नीजि कार कम्पनीहरु सक्रिय भएर लागेका थिए । उनीहरुले धेरै सहुलीयतका स्किमहरु ल्याएका थिए ।

कम्पनीहरूले फाइनान्सिङ सुविधा, मासिक किस्ता सुविधा, नगद एवं कर छुट जस्ता सुविधाहरु घोषणा गरेर बैंक वित्त कम्पनीसँग मिलेर गाडि बिक्रिको रणनीति बनाए । सवारीसाधन बिक्रिका लागि दशैंमा भन्दा सहुलीयत र छुटका प्याकेज राखिएको छ । यसअघि गाडी खरिदमा छुट पाउन दसैंतिहार पर्खनु पर्ने अवस्था थियो । कोरोना संक्रमण र लकडाउनका कारण थला परेको अर्थव्यस्थामा सवारी साधन पनि एक हो । यो व्यवसाय कम्जोर हुँदै गर्दा मोटरसाइकल र स्कूटरको बिक्रि भने अहिले बढेको छ । जोर बिजोर लागु हुनु तथा सार्वजनिक यातायात बन्द हुनुले दैनिक काम गर्नेका लागि मोटरसाइकल र स्कूटर प्रभावकारी देखिन्छ । चारपाङ्ग्रे साना सवारी साधन तथा मोटरसाइकल र स्कुटर खरिद गर्दा कम्पनीहरुले छुटका कार्यक्रमहरु अघि सारेपछि उपभोक्ता पनि आकर्षीत हुने अनुमान थियो । तर कारको बजार खासै छैन । पुराना कारहरु पनि धेरै बिक्रिमा राखिएका छन् । गाडिका लागि बैंकहरु पनि लगानी गर्न तयार छन् । गाडि कम्पनीहरुले ६ महिनाको किस्ता समेत आफैले बुझाउने समेतका स्किम ल्याएका छन् । लकडाउन खुकुलो भएसँगै मोटरसाइकल र स्कुटरको बिक्रि भने बढेको छ ।

# बैकिङ्ग संसार

## कोरोनाका कारण बैंकमा नाफा घट्यो, खराब कर्जा बढ्यो

काठमाडौं । कोरोना भाइरस (कोभिड–१९) को असर समग्र अर्थतन्त्रमा देखिएको छ । यसको असर नेपाली बैंकिङ क्षेत्रमा पनि प्रत्यक्ष देखिएको छ । मुलुकमा सञ्चालित २७ कमर्सियल बैंकहरुको वित्तीय विवरणले नै कोरोनाको असर बैंकिङ क्षेत्रमा कति परेको छ भन्ने पुष्टि गराउँछ । गत आर्थिक वर्ष २०७६र७७ को तथ्यांक हेर्ने हो भने कमर्सियल बैंकहरुको नाफामा ८ अर्ब ६८ करोड ४९ लाख एक हजार रुपैयाँले कमी आएको छ । गत आर्थिक वर्ष २०७६र७७ मा २७ वाणिज्य बैंकहरुले ५४ अर्ब ३१ करोड ६ हजार ९८ रुपैयाँ कमाएका छन् । अघिल्लो आर्थिक वर्ष २०७५र७६ मा वाणिज्य बैंकहरुले ६३ अर्ब रुपैयाँ ९ सय ९९ रुपैयाँ खुद मुनाफा आर्जन गरेका थिए ।



कोभिडका कारण बैंकको नाफामात्रै घटेको छैन, निष्कृय कर्जासमेत बढेको छ । ११ चैतदेखि भएको १२० दिन लामो लकडाउनमा पनि बैंकहरुले सेवा सुचारु राखे पनि यसको असर भने राम्रै देखिएको छ । देशभर कोरोना त्रासका कारण नयाँ व्यवसायहरु सञ्चालनमा आउन सकेनन् भने सञ्चालनमै रहेका उद्योगव्यवसायले पनि थप विस्तार गर्न सकेनन् । यसले गर्दा बैंकिङ क्षेत्रमा लगानीयोग्य रकम बढ्यो । नयाँ कर्जा लगानी त हुन सकेन नै लगानीमा रहेका कर्जाको समेत ब्याज नउठ्दा बैंकहरु थप समस्यामा परे । अघिल्लो आर्थिक वर्ष १.४४ प्रतिशत रहेको बैंकहरुको निष्कृय कर्जा बढेर १.७३ प्रतिशत पुगेको छ । नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक देवकुमार ढकाल कोभिडकै कारण बैंकहरुको निष्कृय कर्जा बढेको बताउँछन् ।

कोभिडका कारण व्यापारव्यवसाय नहुँदा त्यसको असर बैंकसम्म पुगेको उनले बताए । 'कोभिडको कारण व्यापार व्यवसाय हुन सकेन, व्यापार व्यवसाय नभएपछि ब्याज आएन,' कार्यकारी निर्देशक ढकालले भने, 'उठ्नुपर्ने पैसा नउठेपछि त यसको असर पर्ने नै भयो, यसकारण बैंकको एनपीएल (निष्कृय कर्जा) बढेको छ ।' एनएमबि बैंकका अध्यक्ष विन गोल्यान पनि बैंकिङ क्षेत्रमा कोभिडको असर परेको बताउँछन् । जसको प्रभाव निष्कृय कर्जामा देखियो । बैंक तथा वित्तीय संस्था परिसंघका अध्यक्ष समेत रहेका गोल्यानले प्रोभिजनिङ सम्बन्धी व्यवस्थाका कारण पनि अधिकांश बैंकहरुको निष्कृय कर्जा बढेको बताए । निष्कृय कर्जा कम हुने बैंकहरुमा विदेशी लगानी रहेका बैंकहरु अग्रपंक्तिमा देखिएका छन् । निष्कृय कर्जा (एनपीएल) सबैभन्दा कम हुने बैंकमा एभरेष्ट बैंक पहिलो नम्बरमा रहेको छ । पञ्जाव नेशनल बैंक, भारतको लगानी रहेको यो बैंकको सबैभन्दा कम अर्थात ०.२२ प्रतिशतमात्रै एनपीएल रहेको छ । आर्थिक वर्ष २०७५–७६ मा ०.१६ प्रतिशत रहेको एनपीएल बढेर गत आर्थिक वर्ष २०७६–७७ मा ०.२२ प्रतिशत पुगेको छ । एनपीएल कम हुने दोस्रो नम्बरमा विदेशी लगानी रहेको नेपाल एसबीआई बैंक देखिएको छ ।

नेपाल एसबीआई बैंकको ०.२३ प्रतिशत निष्कृय कर्जा रहेको छ । अघिल्लो आर्थिक वर्ष ०.२० प्रतिशत रहेको एनपीएल बढेर ०.२३ पुगेको हो ।

यसैगरी तेस्रो नम्बरमा स्टाण्डर्ड चार्टड बैंक देखिएको छ भने चौथो नम्बरमा सानिमा बैंक र पाँचौ नम्बरमा माछापुच्छ्रे बैंक रहेको छ । यी बैंकहरुको क्रमशः ०.१५ बाट ०.४४, ०.०८ बाट ०.४८ र ०.३७ बाट ०.५४ प्रतिशत निष्कृय कर्जा छ । अधिकांश बैंकहरुको निष्कृय कर्जा बढ्दा केही बैंकले भने घटाएका छन् । यस्तो महामारीकाबीच पनि एनपीएल घटाउने बैंकहरुमा राष्ट्रिय वाणिज्य बैंक, प्रभु बैंक, कृषि विकास बैंक र नेपाल बैंक रहेका छन् । पूर्ण सरकारी स्वामित्वको बैंक राष्ट्रिय बैंक एनपीएलका आधारमा हेर्ने हो भने सबै बैंकभन्दा पछाडि छ । अर्थात सञ्चालनमा रहेका २७ वाणिज्य बैंकमध्ये सबैभन्दा धेरै एनपीएल यो बैंकको रहेको छ । यद्यपि यसपालि एनपीएल घटाउन राष्ट्रिय वाणिज्य बैंक सफल भएको छ । अघिल्लो आर्थिक वर्ष ४.७९ प्रतिशत रहेको निष्कृय कर्जालाई बैंकले गत असार मसान्तसम्म घटाएर ४.०८ प्रतिशतमा झार्न सफल भएको छ । किष्ट र ग्रान्ड जस्ता निकै कमजोर बैंकलाई गाभेको प्रभु बैंकले पनि पछिल्लो समय निष्कृय कर्जा घटाउँदै लगेको छ ।

२०७६ असार मसान्तसम्म ३.७६ प्रतिशत रहेको एनपीएललाई घटाएर प्रभु बैंकले २०७७ असार मसान्तसम्म २.८१ प्रतिशतमा झारेको छ । सरकारी लगानी रहेका अन्य दुई बैंकहरु कृषि विकास बैंक र नेपाल बैंकले पनि एनपीएल घटाएका छन् । कृषि विकास बैंकको एनपीएल २०७६ असार मसान्तसम्म ३.२९ प्रतिशत रहेकोमा अहिले घटेर २.७१ प्रतिशतमा झरेको छ । यसैगरी मुलुककै जेठो बैंकले पनि एनपीएलको अवस्थामा कोरोना त्रासकाबीच सुधार गर्न सफल भएको छ । नेपाल बैंकको २०७६ असार मसान्तसम्म यस्तो कर्जा २.६४ प्रतिशत रहेको थियो । एक वर्षको अवधिमा झिनो अंकले घटाएर बैंकले २.५९ प्रतिशत कायम गर्न सफल भएको छ ।

## विश्वास गर्ने आधार नै भएन : बैंकर्स संघ

काठमाडौं । कार्यालय हिंडेका वा कार्यालयबाट घर फर्किएका बैंकका कर्मचारीहरुलाई अब प्रहरीले नरोक्ने भएको छ । बिहीबारदेखि जारी निषेधाज्ञामा बैंकका कर्मचारीहरुलाई बैंकको परिचय पत्रका आधारमा कार्यालय जानरआउन दिने आदेश भएको थियो । तर बिहीबार बिहानै प्रहरीले बैंकका कर्मचारीहरुलाई रोकेपछि बैंकहरु आक्रोशित बनेका थिए । प्रहरीले दुःख दिएको भन्दै नेपाल बैंकर्स संघले बैंकका शाखा कार्यालयहरु नै बिहीबार नखोल्न भनेको थियो । अब भने प्रहरीले बैंकको परिचयपत्र देखाएपछि नरोक्ने बताएको छ । महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सुशीलकुमार यादवले कार्यालय हिंडेका कर्मचारीलाई नरोक्न आदेश आएको जानकारी दिए । माथिबाटै अब नरोक्ने सर्कुलर आएकाले अब बैंकका कर्मचारीहरुलाई नरोकिने उनले बताए । उता नेपाल बैंकर्स संघले भने अहिले नै विश्वास गरी हाल्न अप्ठेरो परेको बताएको छ ।

# चाडपर्व त मनाऊँ तर परिवारभित्र

किरण पाण्डे

साउना महिना लागेसँगै नेपालमा चाडपर्व सुरु हुन्छ। रामरमितामा रोसिने नेपालीका चाडपर्व निकै उल्लासमय हुन्छन्। हिन्दु, बौद्ध, किराँत, मुस्लिमलगायत सबैले तिथिमितिअनुसार आआफ्ना चाडपर्व हर्षोल्लाससहित मनाउँदै आएका छन्।

नेपाल कला संस्कृतिको धनी राष्ट्र हो। कुनै समयमा काठमाडौंमा मानिसभन्दा देवता र घरभन्दा मन्दिरको संख्या धेरै रहेको भनाइ प्रचलित थियो। नेपालमा बस्ने सयभन्दा बढी जातजातिको धर्म, कला र संस्कृतिप्रति उच्च लगाव रहेको कारण चाडपर्वको महत्त्व भने बहुआयामिक छ। चाडपर्वकै अवसरमा आर्थिक गतिविधि पनि उल्लेखनीयरूपमा हुने हुँदा चाडपर्वको आर्थिक महत्त्व पनि उत्तिकै देखिन्छ।

वैदेशिक रोजगारको सिलसिलामा विभिन्न देशमा रहेका नेपाली चाडपर्वको अवसर पारेर परिवार र आफन्तजन भेट्न घर फर्किन्छन्। रोजगार र अध्ययनको सिलसिलामा देशकै विभिन्न क्षेत्रमा छरिएका नेपाली पनि यसै अवसरमा गाउँ फर्किन्छन्। सरकारले र निजी क्षेत्रले दिने वर्षभरिकै सबैभन्दा लामो बिदा चाडपर्वकै अवसरमा पर्छ। आन्तरिक पर्यटनको लागि सबैभन्दा उपयुक्त समय यिनै चाडपर्वको अवसरमा मिल्छ। मानिसहरुले चाडपर्वकै अवसरमा थप किनमेल गर्ने र आवतजावत गर्ने हुँदा समाजका सबै क्षेत्र आर्थिकरुपमा चलायमान हुने गर्छन्। साराशंमा, चाडपर्वले ग्रामीण र सहरी क्षेत्रका सबै पक्षलाई पुनर्ताजगी प्रदान गर्छन्।

हरेक वर्ष हर्षोल्लासका साथ मनाइने चाडपर्व यस वर्ष फरक किसिमले मनाउनुपर्ने बाध्यता छ। कोरोना रोकथामको लागि सामूहिक जमघट, भेला, महोत्सव, जात्रालगायतका कार्य नगर्न सरकारले दिएको निर्देशन पालना गर्नु नागरिकको कर्तव्य पनि हो। रोगबाट बच्न अनिवार्यरुपमा पालना पनि गर्नुपर्छ। यस्तो परिवेशमा चाडपर्व मनाउने कि नमनाउने? मनाए कसरी मनाउने? जस्ता दुबिधामा सबै नेपाली परेका छन्। साउन महिनामा मनाइएका गाईजात्रा, जनैपूर्णिमा, कृष्ण जन्माष्टमीलगायतका पर्वमा मन्दिरमा भक्तजनको भिड देख्दा उनीहरुलाई महामारीको डरभन्दा पर्वहरुको रमाइलो नै प्यारो लागेजस्तो देखिन्छ। अब आउने दसैं, तिहारलगायतका पर्वमा पनि यस्तै भिडभाड हुनसक्छ। धर्म संस्कृतिप्रतिको अगाध आस्थाले हो कि नेपालीहरू महामारीप्रति संवेदनशील देखिँदैनन्। तर कोरोनासँग त नजिस्किएकै उत्तम हो नि।

महामारीका कारण मानिसको जमघट हुनै नसक्ने अवस्था भएकाले अब चाडपर्व मनाउने तरिकामा परिवर्तन आवश्यक देखिन्छ। इतिहास हेर्दा यस्ता महामारीहरु अन्त्य हुन वा पूरै नियन्त्रणमा आउन २(३ वर्ष लाग्ने गरेको देखिन्छ। आशा गरौं कोरोना महामारी त्यसभन्दा छिटै अन्त्य हुनेछ। यसविरुद्धको खोप छिटै तयार हुनेछ। तर, त्यतिन्जेल त हामीले भौतिक दूरी कायम गरेरै चाडपर्व मनाउने व्यवस्था गर्नुपर्छ।

सार्वजनिक यातायात सञ्चालन नभएको अवस्थामा पारिवारिक मिलन असम्भव भएकोले जो जँहा छौ त्यहीँ रहेर पर्व मनाउनु पर्नेछ। प्रविधिको क्षेत्रमा भएको विकासलाई उपयोग गर्दै 'भर्चुअल'रुपमा चाडपर्व मनाउनुपर्ने बाध्यता छ। प्रविधिको उच्चतम प्रयोग गरेर आत्मीयता कायम राख्न प्रयासरत रहनुपर्छ।

विशेषतः सहरी क्षेत्रमा विभिन्न सामाजिक सञ्जाल प्रयोग गरेर ४०(५० जना सजिलै सम्पर्कमा रहन सकिन्छ। यसरी भर्चुअल रुपमै भए पनि भेटघाटको कमी पूरा गर्न सकिन्छ। प्रत्यक्ष सहभागी हुँदाको न्यानो हार्दिकता त भर्चुअल भेटघाटमा पक्कै हुँदैन तर यी आत्मीयता कायम राख्न यी उत्तम विकल्प हुन्। सहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा पर्व मनाउने तरिकामा केही फरक हुन सक्ला तर कोरोनाको जोखिम भने सबैतिर भएकाले सबै सजग हुनै पर्छ।

चाडपर्वको क्रमभंगताले हाम्रो सांस्कृतिक परम्परामा नकारात्मक असर त पुग्दैन? एक वा दुई वर्ष पर्वहरु नमनाउँदा हाम्रो सांस्कृतिक गति रोकिन्छ भन्नु तर्कसंगत हुँदैन वार्षिकरुपमा गरिनु पर्ने कार्यलाई निरन्तरता दिनु हामी सबैको दायित्व हो। महामारीको समयमा आफ्नो र अरुको स्वास्थ्यको ख्याल गर्दै पर्व संस्कृतिको नियमितता कायम राख्नु र जगेर्ना गर्नुपर्छ। सामूहिक भेटघाट र जमघट कम गर्दै एकाघरका सदस्यमात्र बसी पर्व मनाउँदा सांस्कृतिक निरन्तरता पनि रहने र कोरोना नियन्त्रणमा सहयोग पनि पुग्ने हुन जान्छ। महामारीको समयमा ूजे त होलाू ूभगवानले बचाउनुहुन्छू जस्ता मूर्खतापूर्ण तर्क गरी मेलापर्व आयोजना वा चाडपर्व मनाउने गर्नु बुद्धिमानी हुँदैन।

हाम्रो सानो गल्तीले समाज र देशलाई नै हानि पुग्नसक्ने हुँदा हामी सबै सचेत हुनु जरुरी छ। हामी बाच्यौं भने आउने धेरै वर्ष चाडपर्वहरु धुमधामसँग मनाउन सक्नेछौं। कोरोना महामारी कहिले टुंगिन्छ, कसरी टुंगिन्छ भन्ने कसैलाई थाहा छैन यस अवस्थामा भविष्यमा चाडपर्वलाई कसरी उल्लासमय बनाउन सकिन्छ भनी चिन्तन गर्नु आवश्यक छ। नयाँ सामाजिक प्रयोगको परिक्षण आवश्यक छ। दशैंको नवरात्रीमा विभिन्न मन्दीरमा हुने पूजाका क्रियाकलापहरुलाई स्थानीय टेलिभिजन, रेडियोमा प्रत्यक्ष प्रसारण गराई भक्तजनहरुलाई अप्रत्यक्ष रुपमा सहभागि गराउन सकिन्छ।यसो गर्दा भक्तजनहरुले पूजाको दर्शन गर्न पनि पाउँछन भने कोरोना नियन्त्रण अभियानमा पनि ठूलो सहयोग मिल्दछ।

परिस्थिति भिन्न रहेपनि हामीले पर्वको सामाजिक र सांस्कृतिक महत्वमा कुनै कमि आउन दिनु हुदैन। घर भित्रै रहेर पनि हामी पर्वहरुलाई धुमधामसगं मनाउन सक्दछौं। विस्तारित परिवार र इष्टमित्रसँग सामूहिकरुपमा चाडपर्व मनाउने समाजमा परिवारभित्रै सीमित रहेर मनाउनु चुनौतीपूर्ण छ। अर्कातिर, परिवारभित्रका ससाना विषयलाई उल्लासपूर्ण बनाउँदै रमाउनुको भने बेग्लै आनन्द छ। समाजको सबैभन्दा महत्त्वपूर्ण इकाइ परिवार हो यथार्थलाई यस महामारीले झन् बलियोसँग स्थापित गरेको छ। परिवारभित्रै रहेर सरसफाइ, परिकार तयार गरी एकाघरका जहानबीच सम्बन्धलाई थप मजबुत बनाउने अवसर महामारीले प्रदान गरेको छ।

यस्तै, महामारीले हामीलाई चाडपर्वहरुको अध्ययन गर्न र महत्त्व बुझ्न पनि समय दिएको छ। आवश्यक भए सुधारको अवसर पनि दिएको छ। घरमा बालबालिकालाई पर्वहरुबारेमा थप जानकारी दिने अवसर अभिभावकलाई प्राप्त भएको छ। बालबालिकालाई पर्वहरूको महत्त्व राम्ररी बुझाउन सके भविष्यमा पर्वहरूको महत्त्व र उल्लास थप हुन जानेछ। समाजमा पर्व मनाउने नाममा हुने गरेका विकृति कम गर्न पनि परिवर्तित अवस्थाले सहयोग गरेको छ। तीजको दर खाने नाममा हुने गरेका विकृति यस वर्ष करिब शून्य रहनुले सुधारको संकेत गर्छ। महामारीले हाम्रो सोच्ने तरीकामा परिवर्तन ल्याउने हुँदा आगामी वर्षहरुमा पर्व मनाउने तरिकामा फरकपनको आशा गर्न सकिन्छ।

कसैले कल्पना नगरेको यस परिस्थितिमा क्षतिलाई न्यून गर्न सबै नेपालीले सुझबुझ प्रदर्शन गरी यस वर्षका पर्वहरु परिवारभित्रै रहेर हर्षोल्लासका साथ मनाऊँ। धर्म, संस्कृतिको संरक्षण र प्रवर्धन तथा कोरोना नियन्त्रणका दुवै अभियानमा स्वास्थ्य र सुरक्षा मापदण्ड पालना गरी सावधानीपूर्वक परिवारभित्रै बसेर सहभागी होऊँ। बाह्रखरी

# सरकारी बेवास्ताले सुध्रिन नसकेको सहरी जीवनशैली

काठमाडौं। ४ महिनाको लकडाउनको समयमा सहरी क्षेत्रको जीवनशैली विकासमा धेरै नभए पनि केही सुधारको संकेत देखिएको थियो। बाहिर निस्कन त्रास बढेसँगै मान्छेले कौसीमा नै खेती गर्न सुरू गरेका थिए। सवारी साधनको रूपमा साइकल यात्रालाई आफनो दैनिकीको रूपमा ढालिरहेका थिए। वायु प्रदूषण सीमामा थियो। थोरै भए पनि डिजिटल माध्यमको प्रयोग गर्नेहरु बढिरहेका थिए। तर सरकारले यसलाई प्रोत्साहन गर्न सकेन। असारको अन्तिमतिर सरकारले लकडाउनलाई खुकुलो बनाउँदै जोरबिजोर प्रणालीबाट चल्न पाउने नियम बसायो। योसँगै साइकल चढ्न बानी बसाउँदै गरेकाहरु एक दिन साइकल चढ्ने र एक दिन पेट्रोलियम पदार्थबाट चल्ने सवारी चढ्ने गर्न थाले। बिस्तारै तेलबाट चल्ने सवारीको बोलवाल चल्न थाल्यो। सार्वजनिक यातायात चल्न थाल्यो। साइकल यात्रीहरू नयाँ नियमसँगै आफूलाई असुरक्षित महसुस गर्न थाले। बिस्तारै साइकल यात्रीहरूको संख्या कम हुन थाल्यो। फेरि प्रदूषण बढ्ने र तेलबाट चल्ने सवारीको प्रयोग बढ्ने पुरानो समस्या दोहोरिँदै गयो।

जेठको अधिकांश समय वायुप्रदूषणको सूचकले खतराको रातो रंगलाई भेट्ने काठमाडौं उपत्यकामा यस वर्ष पहिलेको जस्तो थिएन। जेठ महिनाको वायुप्रदूषणको सूचकमा एकाधबाहेक पहेँलो र हरियो रंगले वायुप्रदूषणको ग्राफ भरिएको अमेरिकी दूतावासमा रहेको वायुप्रदूषण मापन केन्द्रको तथ्यांकले देखाएको छ। अर्कोतर्फ साउन ६ गते सरकारले अचानक लकडाउन अन्त्य भएको घोषणा गर्‍यो। चलिरहेको जोरबिजोर प्रणाली त्यही दिनदेखि बन्द भयो। अनि फेरि सुरू भयो काठमाडौंको वायुप्रदूषणको ग्राफमा रातो रंगको सुरूवात। पछिल्लो एक महिनामा वायुप्रदूषणको अवस्था अघिल्लो वर्षको भन्दा थोरैमात्रै फरक हुनेबाहेक उल्लेख्य सुधार भएको देखिँदैन। यसले लकडाउन खुलेपछि मान्छेले प्रयोग गर्ने सवारीको प्रयोग पुनः सुरू गरेको स्पष्ट संकेत गरेको छ।

लकडाउनको समयमा अर्को सुधारको पाटो अनलाइन माध्यमबाट हुने पढाइ र डिजिटल पेमेन्टको पाटो थियो। साउन १ गतेबाट शुल्क उठाउन नपाएको भन्दै निजी विद्यालयहरूको संस्था प्याब्सन लगायतले अनलाइन कक्षा बन्द गर्ने निर्णय गरे। गाडी चल्न थालेसँगै बैंकहरूले सेवाप्रवाह बढाउन थाले। यसले बैंकमा भिड लाग्न थाल्यो। डिजिटल कारोबार गर्नेहरूले पनि ढुक्कसँग डिजिटल कारोबारमा नै रमाउन सकेनन्।

सवारी खुलेसँगै वायुप्रदूषणमात्रै बढेन। सामाजिक दुरीको नियम उल्लङ्घन भएपछि काठमाडौंमा कोरोना संक्रमितको संख्या पनि आकाशिन थाल्यो। अन्ततः लकडाउनको नाम परिवर्तन गरेर सरकारले स्थानीय प्रशासन ऐनको साहारामा जिल्ला प्रशासन कार्यालयमार्फत निषेधाज्ञा जारी गर्न थाल्यो।

अहिले पनि काठमाडौं सुनसान छ। दैनिक २ सयको संख्यामा बढेको कोरोना भाइरसका कारण एकातर्फ मान्छेमा त्रास फैलिएको छ भने अर्कोतर्फ सरकारले पनि कडाइ गरेका कारण फेरि एक पटक काठमाडौं सुनसान बनेको छ। तर ४ महिनासम्म गरेको लकडाउनले कोरोनाको प्रसार रोक्न कति काम गर्‍यो? यो अर्को बहसको विषय होला तर यो समयमा सामाजिक रहनसहन परिवर्तनको लागि के भयो त प्रगति?

सरकारले प्रोत्साहन दिन नसक्दाको परिणाम

लकडाउनमा अरु सवारी साधनको प्रयोग बन्द भएको बेलामा साइकल यात्रामा रमाइरहेकाहरूलाई सरकारले वास्तै गरेन। बरु दुईदिनको चटक सम्झिएर त्यसलाई उपेक्षा गर्ने काम गर्‍यो। साइकल यात्रीलाई हौसला दिने त परैको कुरा कोभिड प्रसार रोक्न साइकल यात्रालाई विश्वले उपयुक्त मानिरहँदा सरकारले यसबारे एक शब्द पनि बोलेन। जसका कारण मोटर गुड्न थालेपछि साइकल छाड्नेको संख्या धेरै देखियो। जसले ४ महिना लकडाउन गर्दा पनि वातावरणमैत्री सवारी साधनको प्रयोगमा धेरैलाई आकर्षित गर्न सकिएन।

अर्कोतर्फ डिजिटल प्रविधिको प्रयोगलाई बढावा दिन सकिएन। त्रिविका केही क्याम्पसले आफनै सक्रियतामा अनौपचारिक रूपमा अनलाइन कक्षाको सञ्चालन वैशाखदेखि नै गरिरहेका थिए। तर यसको बारेमा समयमा निर्णय भएन या यसको बारेमा धेरैलाई ज्ञान भएन यसको प्रयोग त्यति धेरै विकास हुन सकेन। दूरदराजमा इन्टरनेटको पहुँच विस्तार नहुँदा त्यहाँका विद्यार्थीलाई समेट्न नसकेको कारण पनि यसको अपेक्षित विकास हुन नसकेको देख्न सकिन्छ।

अर्कोतर्फ सरकारले सडकमा पनि आफनो उपस्थिति जनाउन सकेन। लकडाउनको समयमा सडकमा पिच भर्ने काम कताकतै भएको देखिन्थ्यो। तर सडकको छेउमा रहेका अवरोध हटाउने र अपांगमैत्री एवं विभिन्न श्रेणीका सवारीलाई व्यवस्थित गर्नेगरी सञ्चालन गर्न नसकेको जानकारहरु बताउँछन्। अर्को सबैभन्दा कमजोर बनेको पक्ष भनेको आत्मनिर्भर अर्थतन्त्रको विकास हो। यी सबै विषयमा सरकार पछि परेका कारण पछिल्लो ५ महिनादेखि चलिरहेको बन्दाबन्दी होस् या त निषेधाज्ञामा हामीले सहरी विकासमा कुनै पनि उपलब्धि हासिल गर्न नसकेको जानकारहरु बताउँछन्।

नेपाल सरकारका सचिव केवल भण्डारी कोभिडले दिएको अवसरलाई सदुपयोग गर्न ढिला गर्न नहुनेमा जोड दिन्छन्। सरकार र नागरिकको तर्फबाट पनि यसमा आफ्नो जिम्मेवारीबोध गरेर कोभिडलाई संकटको साटो अवसरको रूपमा प्रयोग गर्न सकिने उनको तर्क छ। स्टोरी साइकलका सञ्चालक ढकाल हामी लकडाउनको समय अघि जस्तो अवस्थामा थियौं अहिले पनि उही अवस्थामा पुगेको बताउँछन्। उनी भन्छन् 'पुर्ख्यौली पेसालाई नै व्यावसायिक स्वरूप दिएर हामीले आत्मनिर्भरताको बाटो अपनाउन सकिन्थ्यो। तर हामी लकडाउन अघि जुन ठाउँमा थियौं अहिले पनि त्यही ठाउँमा छौं।' लकडाउनले समाज विकास र जीवनशैली परिवर्तनमा केही प्रभाव पार्न नसकेको उनी बताउँछन्। अहिले पनि बाँसका आकर्षक सामग्री निर्माण गरेर काठमाडौं उपत्यकामा मात्रै सयौं परिवारको गुजारा बाँकी ८ पृष्ठमा

# रामेछाप डायरी

## सामाजिक सञ्जालमा आउने कुरा विश्वास नगर्न आग्रह

रामेछाप। स्वास्थ्य कार्यालय रामेछापले कोरोना परीक्षण रिपोर्टलाई लिएर सामाजिक सञ्जाल फेसबुक प्रयोगकर्ताहरुले बाहिर ल्याइरहेकाले तथ्यहिन कुराको विश्वास नगर्न आग्रह गरेको छ। सोमबार स्वास्थ्य कार्यालयकी प्रमुख विद्या खनालले एक पैस विज्ञप्ति मार्फत आधिकारिक निकायहरुबाट प्रकाशित हुने सत्य तथ्य समाचार तथा सन्देशहरुलाई मात्र विश्वास गर्न सम्पुर्णमा अनुरोध गर्नुभएको छ। उहाँले पीसीआर रिपोर्टलाई लिएर जनमानसलाई त्रसित तथा दिगभ्रमित गराउने किसिमका तथ्यहिन समाचारहरु सामाजिक सञ्जालमा राखेर थप आतंकित बनाउँने कार्य नगर्न नगराउन हुन सामाजिक सञ्जाल प्रयोगकर्ताहरुलाई पनि अनुरोध गर्नुभएको छ। कोरोना भाइरस राकथाम नियन्त्रण लागि अग्र स्थानका आधिकारिक निकायहरु भनेको जिल्ला कोरोना संकट व्यवस्थापन केन्द्र मन्थली, स्वास्थ्य कार्यालय रामेछाप र जिल्ला अस्पताल रामेछाप भएको प्रेस विज्ञप्तिमा भनिएको। स्वास्थ्य कार्यालयकी प्रमुख खनालले अहिले संक्रमणको सम्भावित व्यक्तिले स्वाब दिइसकेपछि केहि नभएको जस्तै गरि भिडभाडमा जाने र जनस्वास्थ्यको न्युनतम मापदण्ड पनि पालना नगरेको पाइएकाले कोरोना परीक्षणका लागि स्वाब दिएका व्यक्तिहरुलाई कम्तीमा रिपोर्ट नआउँदा सम्म घर वा संस्थागत क्वारेन्टीनमा बस्न आग्रह गर्नुभएको छ। यसअघि आइतबारमात्रै पीसीआर परीक्षणको आधिकारीक निकायबाट प्रतिवेदन आउनु अघिनै सामाजिक सञ्जालबाट अफवाह फैल्याइएको भन्दै मानवअधिकार संरक्षण सञ्जाल रामेछापले सम्बन्धित निकाय र सरोकारवाको ध्यानाकर्षण गराएको थियो।

## रामेछापका १ सय १६ जनाको पीसीआर रिपोर्ट आउन बाँकि

रामेछाप। रामेछाप जिल्लाकाका १ सय १६ जनाको पीसीआर रिपोर्ट आउन बाँकि छ। जिल्लाको मन्थली नगरपालिकाका ७ जना र खाँडादेवी गउँपालिकाका १० जना, जिल्ला अस्पतालबाट स्वाब संकलन गरिएका २९ जना, रामेछाप नगरपालिकाका २९ जना सहित १ सय १६ जनाको रिपोर्ट आउन बाँकि रहेको स्वास्थ्य कार्यालय रामेछापका जनस्वास्थ्य अधिकृत भुवन थापाले जानकारी दिनुभएको छ। उहाँका अनुसार जिल्लामा अहिलेसम्म ९ सय २८ जनाको रिपोर्ट नेगेटिभ आएको र कोरोना संक्रमण पुष्टि भएका ३३ जना मध्ये ३१ जना कोरोनामुक्त भएका छन्। अहिले मन्थली नगरपालिकाको आइसोलेशनमा २ जना संक्रमितको उपचार भैरहेको छ। हालसम्म जिल्ला अस्पतालमा ७९, रामेछाप सामुदायिक अस्पतालमा ४९ जना, मन्थली नगरपालिकामा ३ सय २५, रामेछाप नगरपालिकामा १ सय २०, उमाकुण्ड गाउँपालिकामा ६५, खाँडादेवी गाउँपालिकामा ६५, गोकुलगंगा गाउँपालिकामा १ सय ९२, दोरम्बा गाउँपालिकामा ३४, लिखुतामाकोशी गाउँपालिकामा ९१ र सुनापति गाउँपालिकामा ५७ जना गरि १ हजार ७७ जनाको पीसीआर विधिबाट कोरोना परीक्षणका लागि स्वाब संकलन गरिएको छ। यसमध्ये १ सय १६ जनाको रिपोर्ट आउन बाँकि छ। स्वास्थ्य कार्यालयका अनुसार विभिन्न पालिकाहरुमा अहिले १ जना महिला र २० जना पुरुष गरि २१ जना क्वारेन्टिनमा रहेका छन्। कोरोना भाइरसबाट आउनसक्ने जोखिमतालाई मध्येनजर गरी जिल्लामा अहिलेसम्म १ सय ४ बेडको आइसोलेशन कक्ष र ५सय बेडको क्वारेन्टिन कक्ष स्थापना गरिएको स्वास्थ्य कार्यालय रामेछापले जनाएको छ।

## जिल्ला अस्पताल रामेछापबाट डा. आनन्दको बिदाइ

रामेछाप। कोरोना भाईरस संक्रमणको उच्च जोखिममा रहेर जिल्ला अस्पताल रामेछापमा काम गर्दै आउनुभएका डाक्टर आनन्द आचार्य रामेछाप जिल्लाबाट विदाई हुनभएको छ। कोरोना संक्रमितहरुको उपचार तथा सम्भावित संक्रमितहरुको परीक्षणमा अग्रपंतिमा रहेर काम गर्दै आउनुभएका उहाँ सबैको मन जितेर विदाई हुनुभएको हो। जिल्ला अस्पताल रामेछापले डा आचर्यले यो कोरोनाको परिस्थितीमा खेल्नुभएको भुमिकाको प्रशंसा गर्दै एक कार्यक्रमको आयोजना गरी प्रशंसा पत्रसहित विदाई गरेको छ। यता रामेछाप नगरपालिकाले पनि डा आचार्यले सबैको मन जित्ने गरी काम गरेको भन्दै सम्मानका साथ विदाई गरेको छ। २ वर्षसम्म रामेछाप जिल्लामा रहेर विरामीहरुको सेवामा रातदिन नभनी खटिनुभएका डा आचार्यले रामेछापमा बसेर विरामीहरुको सेवा गरिहँदा आफुलाई कहिले पनि दिक्क नलागेको बताउनुभयो। यतिका समयसम्म रामेछापमा रहेर काम गर्दा आफुले परिवारसँगै बसेर काम गरे जस्तो अनुभव गरेको उहाँले बताउनुभयो। रामेछाप जिल्लाबाट नचाँहादा नचाहँदै आफु अर्को ठाउँमा जानु पर्ने अवस्था आएको भन्दै उहाँले फेरी पनि अवसर मिलेमा आफु रामेछापमै आउन तयार रहेको समेत बताउनुभयो। मिलनसार, मेहेनती र सबैसँग समन्वय गर्न सक्ने क्षमताका डा आचार्य चितवन स्थित मुगलीन हाईवय अस्पताल पुग्नुभएको छ।

## सल्ले र डुम्रिखर्कमा हिलटेक वितरण

रामेछाप जिल्ला सुख्खाग्रस्त जिल्ला हो। जिल्लाको धेरै ठाउँहरुमा पानीको अभाव छ। रामेछाप नगरपालिकामा पनि पानीको निकै समस्या छ। वडा नम्बर ८ जिल्लाको पुरानो सदरमुकाम पनि हो। वडा नम्बर ८ रामेछाप बजार लगायत समग्र वडाभरी नै पानीको समस्या छ। यहि समस्यालाई बुझेर वडा नम्बर ८ वडा कार्यालयले एक घर एक ट्याङ्की वितरण अभियान सुरु गरेको छ। वडाको सल्ले र डुम्रिखर्कका १ सय ८९ घरधुरीलाई ५ सय लिटरको प्लाष्टिकको हिलटेक ट्याङ्की वितरण गरिएको वडाअध्यक्ष केदार कार्कीले बताउनुभयो। नागरीकहरुलाई पानी संकलन गर्न सहयोग पुगोस भन्ने उद्धेश्यका साथ वडा कार्यलयले एक घर एक ट्याङ्की वितरण अभियानको सुरुवात गरेको उहाँले बताउनुभयो। पानीको समस्या झेल्दै आएका वडाका नारीकहरुलाई आकाशे पानी संकलन गरी फलफुल तथा तरकारी उत्पादनमा आत्मनिर्भर बन्न सहयोग पुगोस भनेर ट्याङ्की वितरण गरिएको वडाअध्यक्ष कार्कीको भनाई छ। यस वर्षबाट सुरु गरिएको ट्याङ्की वितरण कार्यक्रमलाई आगामी वर्षहरुमा पनि निरन्तरता दिईने उहाँले बताउनुभयो।

**महिलामाथि हिंसा गर्नु कुनै पुरुषार्थ होइन, लज्जा हो महिलामाथि हिंसा गर्नेलाई बहिष्कार गरौं।**

# संक्रमित विशेषज्ञ चिकित्सक भन्छन्

काठमाडौं । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)का एशोसियट प्रोफेसर एवं वीर अस्पतालका वरिष्ठ जनरल फिजिसियन डा. ध्रुव गैरे कोभिड–१९ संक्रमणका कारण गम्भीर बिरामी भए । झण्डै भेन्टिलेटर पुग्नुपर्ने अवस्थाबाट निको हुँदै डिस्चार्ज हुने तरखरमा रहेका डा. गैरेले हेल्थआवाजसँग कोरोनाले बनाएको स्वास्थ्य जटिलताका बारेमा यसरी सुनाए ।

एकै रातमा १०४ डिग्री ज्वरो पुग्यो म वीर अस्पतालको मेडिसिन विभागको चिकित्सक । नियमित बिरामीको सेवामै खटिरहेको थिए । झण्डै १७–१८ दिनअघि सुरुमा खानामा रुचि कम हुँदै गयो । स्वाद थाहा नहुने भयो । विस्तारै डायरिया र बमिट सुरु भयो । त्यसपछि हनहनी ज्वरो आउन थाल्यो । सुरुमा ९९ डिग्री ज्वरो थियो । भोलिपल्ट विहानसम्म ज्वरो पिकमा पुग्यो १००, १०२ हुँदै १०४ सम्म पुग्यो । एकै रातमा ज्वरो यसरी पिकमा पुग्यो । विहान ३–४ बजेतिर ज्वरोले लडाउने अवस्था नै आयो । अनि त्यही बेला एम्बुलेन्स बोलाएर हस्पिटल आए । एम्बुलेन्समार्फत वीरमा पुगेपछि रगत परीक्षण गराए । कोभिड–१९ सँग मिल्दाजुल्दा लक्षण भएकाले कोभिड परीक्षण पनि गराए । सबैका रिपोर्टहरु आए । कोभिड–१९ को रिपोर्ट पोजेटिभ देखियो । मलाई आईसीयु चाहिने अवस्थामा भैसकेको थियो । वीरमा छुट्टै आईसीयु नभएका कारण त्रिवि शिक्षण अस्पताल ल्याइयो ।

शिक्षण आएपछि अवस्था झन नाजुक हुँदै गयो । आएको तेस्रो दिनमा त अवस्था यस्तो पुग्यो कि चिकित्सकरुले भेन्टिलेटरमै राख्नुपर्छ भन्ने सल्लाह गर्न थालिसकेका थिए । तर, विश्व स्वास्थ्य संगठन (डब्लूएचओ)ले तोकेका उपचारका सबै स्ट्यान्डर्ड अपनाइयो । रेम्डेसिभिर औषधि चलाइयो । प्लाज्मा थेपारी गरियो । भाग्य नै मान्नुपर्छ, चिकित्सकले जे–जे गर्नुपर्ने हो, समयमै गरिएको रहेछ । भेन्टिलेटरमा गैसकेपछि कोभिड–१९ का बिरामी फर्केर आएको बिरलै मात्रै छन् । मलाई कोरोना लाग्दैन् भनेर घमण्ड नगर्नुहोस् चैत्र, बैशाखतिर देखिएको कोभिड–१९ त्यति कडा देखिएको थिएन । अहिले पनि मानिसहरु त्यही सम्झेर कोरोनालाई हेपिरहेका छन् । तर, जसले कोरोनालाई हल्का रुपमा लिन्छ, त्यसले जिन्दगीकै ठूलो भूल गर्छ । हामीजस्तो युवा मान्छेलाई त यसरी सिरियस अवस्थामा पुऱ्यायो । मलाई अहिलेसम्म केही पनि स्वास्थ्य समस्या थिएन । न सुगर, न प्रेसर न दम नै थियो । मेरो शरीरमा क्यानुला लगाइएको यो पहिलो पटक हो । कोरोनाले शरीरमा चाडो–चाडो जटिलता उत्पन्न गर्दै जाँदोरहेछ । घण्टा–घण्टामा समस्या थपिदैं जाने रहेछन् । भेन्टिलेटर र आईसीयु भन्ने कुरा त अडिनरी कुराहरु मात्रै रहेछन् । फोक्सोलाई श्वास फेर्न जति सजिलो बनाउन सक्यो, त्यति रेष्ट मिल्दोरहेछ । मलाई त्रिवि शिक्षणमा अस्पताल भेन्टिलेन्टर राख्नुभन्दा अगाडि राखिने 'नन इन्भ्यासिभ भेन्टिलेटर'मा उपचार गरियो । यसले अक्सिजनको फ्लो सहज बनाउँछ ।

मेरो शरीरले अक्सिजनले ३० प्रतिशत मात्रै स्याचुरेट गरेको थियो । मलाई विश्व स्वास्थ्य संगठनले तोकेको सबै मापदण्डअनुसार उपचार गरिएपछि अहिले स्वास्थ्यमा सुधार हुँदै आएको छ । अहिले अक्सिजन स्यासुरेसन गर्ने क्षमता ९२–९३ पुगेको छ । आजै यहाँबाट डिस्चार्ज भएर रेष्टको लागि वीर अस्पताल जाने तयारीमा छु । म आम नेपालीलाई के भन्न चाहन्छु भने अहिलेको भाइरस चैत्र र बैशाखजस्तो छैन् । अहिले किटाणु एकदमै कडा र सक्रिय छ । अबका एक दुई हप्ता कन्ट्रोल गर्न सकिएन भने अवस्था भयावह हुने निश्चित छ । अहिले अस्पतालका वार्ड र आईसीयुहरु भरिभराउ छन् । एकातिर अस्पतालमा वेडको अभाव हुँदै गएको छ, अर्कोतर्फ अस्पतालमै राख्नुपर्ने अवस्थाका केसहरु दिनदिनै बढिरहेका छन् । डन्ट टेक इट इजी । तपाईंको जिन्दगी तपाईंको आफ्नै हातमा छ । प्लीज, म बलियो छु, मलाई रोग छैन्, मलाई कोरोना लाग्दैन् भनेर घमण्ड नगर्नुहोस् । लाइफ हाम्रो हातमा छैन्, उसको हातमा छ । अबका दुई तीन हप्ता एकदमै क्रिटिकल छन् । ज्वरो आएको दुई दिनमै कडा निमोनिया निकाल्नु सामान्य कुरा होइन् । मलाई त्यो बेलाभन्दा अहिले झन डर लागेको छ । किनभने, त्यतिखेर मैले आफ्नो छातीको एक्स–रे हेरेको थिइन् । अहिले आफ्नो एक्स–रे हेरेर आफै डराए । दुई दिनको अन्तरालमा मेरो फोक्सो कस्तो भएछ । म भन्नै सक्दिन् ।

म केही रोग नलागेको र राम्रो इम्युनिटी पावर भएको मान्छेलाई त यस्तो भएछ । वृद्धवृद्धा, बालबालिका र रोग प्रतिरोधात्मक क्षमता नभएका मान्छेलाई मात्रै यसले गम्भीर बनाउँछ भन्ने जुन भ्रम छ, त्यो आजैदेखि तोडिदिनुहोस् । सबैका लागि उत्तिनै खतरानाक छ । तपाईंहरु सोसल डिस्टान्स बनाउनुहोस्, मास्क लगाउनुहोस् । दुई–तीन हप्ता बाहिर ननिस्कनुस् । दुई हप्ता बाहिर ननिस्केर पहाड र आकाश खस्ने छैन् । भोकै कोही मर्ने पनि होइन् । बाँचेपछि भोलि सबै गरौंला ।

साभार : BAT- 18th Group Wall


## आयुर्वेदिक उपचारको पहिलो रोजाइ
## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा, डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पूर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकबाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्वारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

**लाइन्स चोक, नारायणगढ, चितवन**

सम्पर्क पैशा नलाग्ने टोल फि नं. १६६०५६५८०००

फोन न. ०५६ : ५७०४६८

फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।



## कोभिड- १९ र बन्दाबन्दीका कारण बढ्दो आत्महत्या न्यूनिकरणका लागि निम्नानुसार गरौं ।

- आर्थिक असमानता , सामाजिक एवं सांस्कृतिक देखावटीपन, नकारात्मक अभ्यास एवं चलायमान, मनोवृत्तिलाई कडाईका साथ निरुत्साहित गरौं ।

-उच्चाभिलाषी हुने ज्ञानभन्दा जीवनमा आइपर्ने हरेक विषय परिस्थितिको सामना गर्न सक्ने खुबी र मानसिकताको विकास गरौं ।

नेपाल सरकार

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

## सूचना तथा प्रसारण विभाग


# अन्तराष्ट्रिय समाचार

## सान्ना मरिन सोसल डेमोर्क्याट पार्टीको अध्यक्षमा चयन

काठमाडौं । फिनल्यान्डकी प्रधानमन्त्री ३४ वर्षीया सान्ना मरिन सोसल डेमोर्क्याट पार्टीको अध्यक्षमा चयन हुनु भएको फिनल्यान्डको इतिहासमै यति कम उमेरमा सत्तारुढ दलको नेतृत्व लिने उहाँ पहिलो महिला हुनुहुन्छ । फिनल्यान्डको सबैभन्दा ठूलो दल सोसल डेमोर्क्याट पार्टीको अधिवेशनले मरिनलाई पार्टी अध्यक्षमा निर्विरोध चयन गरेको हो । उक्त पार्टीमा महिलाले नेतृत्व सम्हालेको यो दोस्रो पटक हो । हाल पार्टी अध्यक्षमा एन्टी रिन्न रहनु भएको छ । उहाँले देशभित्रको राजनीतिक गतिरोधबीच गत वर्ष डिसेम्बरमा प्रधानमन्त्री पदबाट पनि राजीनामा दिनु भएको थियो । फिनल्यान्डमा निकै लोकप्रिय युवानेत् मरिनले पार्टी नेतृत्वका लागि उम्मेदवारी दिनुभएको थियो, र उहाँको विपक्षमा कुनै पनि व्यक्तिले उम्मेदवारी दिएका थिएनन् । मरिनको आठ महिने सरकारको अधिकांश समय कोरोना महामारीसँग जुध्दै ठीक्क भएको छ । उहाँले कोरोना नियन्त्रणमा गरेको सुझबुझपूर्ण कार्यलाई लिएर देशभित्र निकै प्रशंसा बटुल्नु भएको छ । फिनल्यान्डमा हालसम्म ३३४ जनाको मृत्यु भएको छ । सोसल डेमोर्क्याट पार्टीको फिनल्यान्डको दक्षिणी शहर टाम्परमा गतसाता अधिवेशन सम्पन्न भएको थियो । पार्टीले सन् २०१९ को चुनावमा करिब १८ प्रतिशत मत प्राप्त गरेर संसदमा सबैभन्दा ठूलो दल बनेको थियो । हाल यस पार्टीले अरु स(साना पाँच वटा पार्टीको समर्थनमा सरकार बनाएको छ । (एजेन्सी)

## विच्याटका प्रयोगकर्ताले अमेरिकामा मुद्दा हाल्ने तयारी

लस एन्जलस । चिनियाँ मेसेजिङ एप्लिकेसन विच्याटका केही अमेरिकी प्रयोगकर्ताहरुले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प विरुद्ध मुद्दा हाल्ने तयारी गरेका छन् । विच्याटका कारण अमेरिकाको राष्ट्रिय सुरक्षामा खतरा रहेको भन्दै राष्ट्रपति ट्रम्पले अमेरिकामा विच्याटमाथि प्रतिवन्ध लगाउने सम्बन्धी एउटा कार्यकारी आदेशमा केही दिनअघि हस्ताक्षर गरेपछि विवाद उत्पन्न भएको हो । सान फ्रान्सिस्कोमा शुक्रबार अमेरिका विच्याट प्रयोगकर्ता एलायन्स र अन्य व्यक्तिहरु तर्फबाट सामूहिक निवेदन दिइएको छ । उनीहरुले विच्याट मार्फत चीनमा रहेका आफ्ना नातेदार, रोजगारी र अन्य कामका लागि प्रभावशाली सम्पर्क माध्यम रहेको बताएका छन् । निवेदकहरुले आफूहरु विच्याट वा यसको संचालक कम्पनी टेन्सेन्ट होल्डिङ्ससँग कुनै आबद्धता नरहेको पनि दाबी गरेका छन् । निवेदनमा उनीहरुले संघीय अदालतसमक्ष राष्ट्रपति ट्रम्पको कार्यकारी आदेश रोक्न अनुरोध गरेका छन् । उनीहरुले ट्रम्पको आदेशबाट अमेरिकी प्रयोगकर्ताको अभिव्यक्ति स्वतन्त्रता, धार्मिक स्वतन्त्रता र अन्य संविधान प्रदत्त अधिकारहरु उल्लंघन भएको बताएका छन् । निवेदक तर्फका वकील माइकल बाइनले चिनिया–अमेरिकी समुदायका लागि निकै महत्वपूर्ण रहेको विच्याटजस्तो मेसेजिङ एप्लिकेसन रोक्दा संविधानको पहिलो संशोधनको बर्खिलाफ हुने जिकिर गर्नुभयो । राष्ट्रपति ट्रम्पले गत अगस्ट ६ तारिखमा विच्याट र टिकटकमाथि प्रतिवन्ध लगाउने गरी कार्यकारी आदेशमा हस्ताक्षर गर्नु भएको थियो । उहाँले यी दुई एप्लिकेसनका कारण अमेरिकी राष्ट्रिय सुरक्षा, विदेश नीति र अर्थतन्त्रमा नै खतरा उत्पन्न हुने दावी गर्नु भएको थियो । उक्त आदेशहरु आगामी सेप्टेम्बर २० देखि लागू हुनेछन् । एक अनुमान अनुसार अमेरिकामा विच्याटका दशौं लाख प्रयोगकर्ता रहेका छन् । राष्ट्रपतिको आदेशमा विच्याट र टिकटकलाई एप्पल र गूगलका एपस्टोरबाट पनि हटाउन भनिएको छ । यसबाट आम प्रयोगकर्तालाई अझ कठिन हुनेछ ।

## बालबालिकाका लागि मास्क लगाउनेबारे नयाँ नियम

काठमाडौं । विश्व स्वास्थ्य संठन डब्ल्युएचओले १२ वर्षभन्दा माथिका बालबालिकाका लागि मास्क लगाउने बारेमा नयाँ नियम जारी गरेको छ । वयस्कका लागि लागु गरिएको नियम नै बालबालिकाहरुमा पनि लागु गर्न संगठनले निर्देशन दिएको हो । वयस्क उमेर समूहले जसरी नै बालबालिकाले पनि त्यति नै भाइरस फैलाउने प्रमाण भेटिएको यस्तो नियम लागु गरिएको स्वास्थ्य अधिकारीहरुलो जनाएका छन् । ५ वर्ष र त्योभन्दा कम उमेरका बालबालिकाले भने मास्क लगाउन नहुने डब्ल्यूएचओले बताएको छ । ६ देखि ११ वर्षका बालबालिकालाई मास्क लगाउन र फुकाल्न परिवारले मद्दत गरिदिन र हेरविचार गरिदिन डब्ल्यूएचओले आग्रह गरेको छ । त्यसैगरी, ६० वर्षभन्दा कम उमेरका मानिसहरुले कपडाको मास्क लगाउनुपर्ने र त्योभन्दा धेरै उमेर भएका तथा अन्य रोगबाट ग्रसित भएकाहरुले मेडिकल मास्क लगाउनुपर्नेमा डब्ल्यूएचओले जोड दिएको छ । एजेन्सी

## टिक टक अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्णय विरुद्ध अदालतमा

काठमाडौं । चिनियाँ भिडियो एप 'टिक टक'ले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्णय विरुद्ध अदालतमा अपिल गरेको छ । अमेरिकी राष्ट्रपति ट्रम्पले अमेरिकामा टिकटक प्रतिबन्ध गरेपछि कम्पनीले कानुनी उपचार खोजेको हो । राष्ट्रपतिको कार्यकारी आदेश विरुद्ध यसै साता न्यायिक सुनवाई सुरु हुने बताइएको छ । अमेरिकामा सेप्टेम्बर महिनाको मध्यदेखि टिकटकको संचालक कम्पनी 'बाईट डान्स' सँग कुनै कारोबार नगर्न ट्रम्पले आदेश जारी गर्नुभएको थियो । टिकटकले अमेरिकी नागरिकको गोप्य सूचनाहरु चिनिया सरकारलाई उपलब्ध गराउन सक्ने ट्रम्पको भनाई छ । तर टिकटकले भने ट्रम्पको आरोप अस्विकार गरेको छ । अमेरिकामा टिकटकका ८ करोड सक्रिय प्रयोगकर्ताहरु रहेका छन् । यसअघि अर्को चिनियाँ एप विच्याटले पनि कानुनी उपचारको बाटो खोजेको थियो ।एजेन्सी


## किमद्धारा आफ्नै बहिनीलाई शक्तिशाली बनाउने

सियोल । उत्तर कोरियाली सर्वोच्च नेता किम जङ-अनले तनावको स्तर कम गर्न कैयौं नीतिगत अधिकार अरूलाई सुम्पिएको एक दक्षिण कोरियाली जासुसी संस्थाले दाबी गरेको छ । किमले अहिले पनि अझै पनि सम्पूर्ण राजकीय मामिला चलाइरहेको नेशनल इन्टेलिजेन्स सर्भिसले उल्लेख गरेको छ । दक्षिण कोरियाली उक्त गुप्तचर संस्थाले बताए अनुसार सर्वोच्च नेता किमले बहिनी किम यो-जङलाई थप जिम्मेवारी हस्तान्तरण गर्दै उहाँलाई थप शक्तिशाली बनाएको छ । संस्थाले यो सूचना दक्षिण कोरियाको माथिल्लो सदनको बन्द छलफलमा दिएको बताएको छ । छलफलपछि सांसदहरूले उक्त आँकलनबारे पत्रकारहरूसँग छलफल गरेका बीबीसीले उल्लेख गरेको छ । जासुसी संस्थालाई उद्धृत गर्दै भनिएको छ, सर्वोच्च नेता किम जङ-अनले अझै पनि पूर्ण अधिकार प्रयोग गरिरहनुभएको तर विस्तारै आफ्नी बहिनीलाई शक्तिशाली बनाउने रणनीति अघि सारेको देखिन्छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



# महामारीमा तीज (तीजगीत)




चन्द्रा न्यौपाने
जन्म :तनहूँ
हाल :टोखा नगरपालिका, ८
बानियाँटार, जालपाचोक
काठमाडौं

दशै औंला जोडेर सबलाई हार्दिक नमन !
यो तीजको सबैलाई शुभकामना !

सफा अकाश, घाम लागी भए पनि घमाइलो,
तीज आए नि यसपालि त छैन रमाइलो ।

कोरोनाका कारण एकसाथ विश्वै जल्या'छ ,
हामी सबको सपना यसै ढल्या'छ ।

एकातिर कोरोनाको यत्रो महामारी छ,
अर्कातिर बाढी, पहिरो, वर्षा भारी
छ ।

भ्रष्टाचार, हत्याहिंसा, बलात्कार, ... नि उस्तै छन्,
न्यायधर्मी मुखुण्डाले देशै चुस्दै छन् ।

यो कोरोना भाइरसले त झनै कहर बढा'छ ,
एक् चुलाकै मान्छेलाई नि टाढा बना'छ ।

ख्यालठट्टा गरे झैं योसँग नजिस्कौं,
सकेसम्म घरबाट बाहिर ननिस्कौं ।

सेनिटाइजर, मास्क अनि साबुन पानीलाई,
सदा सदुपयोग गरौं बरिलै ।

घरमा नि कत्ति पनि हुन्न भीड गरन,
आऽऽऽफनै कारणले जाला परान ।

सफासुग्घर भएर आत्मबल बढाऔं,
सुरक्षित आफू साथै सबलाई बनाऔं ।

महामारीको बीचमा आएको यो तीज,
भिडियो कलरूकै बीचरूमा रमाऔं बरिलै ।

पैतालामा दबाएर सब दुःख पीडालाई,
भिडियो कल् र जुमरूमा जमौं बरिलै ।

आत्मबल बढाएर सचेत कदम चाले'सी,
भेट्न पाउँछौं कोरोना भाइरस ढाले'सी ।

यसै गरी चारैतिर यो भाइरस ढले'सी,
जम्घट् गरी रमाऔंला ज्योति बले'सी ।

छिटै पूरा होऊन् हामी सरूबरूका मनका चाहना,
यो तीजको पुनः सबलाई शुभकामना !!!

हजुरहरु सरूबैप्रति यही छ मनको चाहना,
दीर्घ जीवन सुस्वास्थ्यको शुभकामना !!!

विश्वासरू गरूरौं सरूबैले परूक्कै हरूट्छरू बेहालरू,
अहिलेलाई बिदा हुन्छु, जरूयरू नेपालरू !!!

# महामारीमा तीज (कबिता)



लिला माया ढकाल गौतम
धापासी- ६

सधै जस्तो यस्पालिको तिजमा
माइती जाने रहर थियो
प्राणघाती कोरोनाले
बाटो छेकिदियो

बात्सल्य अवस्थाको
महासागरबाट पार लगाइदिने
त्यो आगनिलाइ सम्झदै छु
जहाँ म उफ्रि उफ्रि खेल्थे
आज तेहि आगनिलाइ
सम्झदै माइती जाने रहर थियो
प्राणघाती कोरोनाले बाटो छेकी दियो

दुख र पिडाका उकालीहरूमा
बाबा र आमाको न्यानो
काख पाएर
थकाइ मेटाउथे
आज पनि तेहि बर्ष दिनभरिको
थकाइ मेटाउन चाहन्थे
हो मलाई आज पनि
तेहि माइतीघर जाने रहर थियो
तर प्राणघाती कोरोनाले
बाटो छेकिदियो

त्यो आगनमा खेल्दा
फराकिला र सहज लाग्ने
बाटाहरू
आज किन हो
सागुरो र असहज लाग्दैछन
आफ्नो छातिलाइ ढाल बनाएर
छेकिन्थ्यो आधिबेरिलाइ
हो आज तेहि माइतीघर
जाने रहर थियो
प्राणघाती कोरोनाले
बाटो छेकिदियो

हाम्रो जिन्दगीलाई
आफ्नो भविस्य ठानेर
कहिल्यै नथाकिकन
डोऱ्याइरहने
मेरा प्यारो माइतीघर
बर्ष दिनमा सगै बसेर
सुख दुख साट्ने मन थियो
प्राणघाती कोरोनाले
बाटो छेकिदियो

सगै खेल्ने साथी संङ्गि
म सगै अग्लिएका
सल्लाका रूखहरू
भिरपाखामा
घासदाउरा गर्न जाने
गोरेटोबाटोहरू
अनि पानी भर्न जाने पधेरोलाइ
एक पटक हेर्ने मन थियो
प्राणघाती कोरोनाले
बाटो छेकी दियो

नदियो साथी संङ्गी भेट्न
नदियो मनको पोको
फुकाएर गाउन
रहर थियो दिदिबहिनी
सग सगै कम्मर मर्काएर नाच्न
रहर जति सबै कोरोनाले लगिदियो
प्राण घाती कोरोनाले
बाटो छेकिदियो ।

# महामारीमा तीज (कबिता)



जानुका थापा रायमाझी
बुढानिलकण्ठ ८,गोल्फुटार

घातक रोग कोरोना चाइनाबाट जन्मियो
महामारी रूप लिँदै विश्व घुम्दियो
चाइनाबाट युरोप हुँदै अमेरिका गयो नी
नेपालमा त आउँदैन कि भन्ने थियो नि

अरु देशमा सकेर नेपालमा आको छ
भुसको आगो जसरी फैलिराको छ
कोरोनाको कहरको कहरले अस्तव्यस्त बनायो
अर्को विपत बाढी पहिरो घर खेत बगायो

समयमा धान रोपी रमाएका किसान
बाढी आई बगाई लग्यो छैन निशान
धनजनको क्षति भयो माटोसरि पुरियो
मर्ने मरे बाँच्नेको विजोग भैदियो

भौगोलिक विविधता नेपालको जमिन
वर्षै आउँछ वाढी पहिरो नयाँ होइन
वर्षायाम शुरु हुन्छ अनि काम गर्दछन्
हिसाब किताब मिलाउन लागि पर्दछन्

जुनै जोगी आए पनि कानै चिरा रहेछन्
देश अनि जनतालाई घात गर्याछन्
कहिले आउला नियम कानुन अत्याचार रोकनी
भ्रष्टाचार गर्नेलाई गोली ठोकनी


एकात्मक बाढीपहिरो अर्कोतिर कोरोना
दिनै खाली भएन मान्छे मरन
अरु रोग लागे पनि कोरोनाकै शंका छ
अस्पताल डुलाउँदैमा ज्यान गाको छ

ज्यान बचाउने आशा बोकी अस्पताल पुर्याउछन्
स्वास्थ्यकर्मी विरामीलाई छुनै डराउँछन्
दुई दिनको जीवन खै कसरी साँच्ने हो
जसले जित्छ कोरोनालाई उहीँ बाँच्ने हो

निर्मुल हुन्न कोरोना सावधानी अपनाउँ
विशेष काम नपरी बाहिर नजाउँ
यसपालिको तिज पर्व घरमै बसी मनाउँ है
दर खान भेला हुँदै कतै नजाउँ है

घातक रोग कोरोनालाई जित्न सके बाचौला
अर्को साल तिजमा सङ्गै नाँचौला
धेर्य भई महामारीको गरौ सामना
महान पर्व तीजको शुभकामना ।

# महामारीमा तीज (कबिता)



बिजयीता भण्डारी, झापा

"तिजको रहर आयो बरिलै
तिजको रहर आयो बरिलै"भन्दै
रातो पहिरमा पोहोर सालझै सजिएर
तिम्रो आगमको उमङ्ग सगै छमछम नाच्ने म
कैदी जस्तै बनेर अच्कल्टो रहरहरूमै
मनाउदै छु यसपालि तिज ।

हजारौं बिडम्वनाहरू
निदाउन अघि थाती राखेर
आँसुले परेली भिजाउदै बिउझने
बिहानि छ
तिम्रो आगानको उत्साव मनाउदै
क्षणिकताको खुसि बटुलेर
बाध्यताको भुमरीमा
मनाउदै छु यसपालि तिज ।।

विकासले फुलेको विश्व सुगन्ध
रित्तीऐको फुल झै बन्दा
मेरो देश
आसुको सागरमा डुबिरहेको बेला
अधुरो आशाहरू
मन भित्र राखेर
यसपालि मनाउदै छु तिज ।

अगेनाको नजिक
पोहोर पाकेको मिष्ठान र परिकारहरूको
समझनामै
खरानी जस्तै भएका सपनाहरू बोकेर
हृदय छियाछिया बनाई
तिम्रो आगमनको आभाषमा रम्दै
म मौनतामै मनाउदैछु
यसपालि तिज

तिजको रहर आयो बरिलै भन्दै छमछम नाच्न
साथि र सँगि सँग कमर भाच्ने अधुरो सपना भबिस्य
लाई साचेर
जिन्दगी जीवन र मृत्यु सँग लडिरहेको बेला क्षणिकताको मुस्कान बटुलेर
पिञ्जडा भित्र बसी मौनतामै मनाउदै छु
यसपालि तिज

# महामारीमा तीज (कबिता)



शुचिता काफले
सुकेधारा, काठमाडौं
२०७७-४-४

विश्वभरी कोरना मौलाएको छ ।
यो भयावहमा अहिले मान्छे सँग
मान्छे तर्सिन्छन् । झन नयाँ मान्छे
देखे भने त अपराधी झैँ हेर्छन ।
एकापसमा छुवाछुत बन्दनै छ ।सामाजिक
दुरी कायम गर्नु सिवा
अरु कुनै विकल्प रहेन ।

म त गाउँमा जन्मे हुर्केकि एक
किसानकि छोरी हुँ । काठमाडौंको एक
युबक संग बाबाले मेरो बिहे गरी दिनु
भयो र म अहिले काडमाडौं सुकेधारामा
घरजम गरी बस्दै आएकि छु ।
यो शहरमा पनि के बाँकी छाड्थ्यो र कोरनाले
सातो उडाएको छ । दिनहुँ डर त्राशमा
मान्छे निन्याउरो मुख लगाइरहेका छन

भो यो साल मलाई लिन नआ है भाई .... ..।।
गाउँबाट
यस्तो कहाली लाग्दो बेलामा
भोक लाग्दा खानेकुरा नपाउँलास् प्यास
लाग्दा पानी नपाउलास् थाकेर गल्दा
चौपारीमा बस्न नपाउलास् । तसर्थ
मलाई तिजमा दिदी लिन जान्छु भन्दै
फुर्किएर यसपाली शहरतिर नआएकै बेश होला भाई ।

गाउँमा बाढी र पहिरोको जोखीम छ ।
पल्लो गाउँ त सखापै पारी सक्यो भन्छन ।
जन धनको कति क्षति भयो मुल्यांकन छैन रे
समाचारमा सुनेको मैले ।

हाम्रा पनि बुढा छन् बाञआमा
तेरा सन्तान पनि साञसाना छन् ।
चनाखो भएर बस्नु , भाई माथीतिर हेर्दै ।
बिगत,भुइचालो ले थर्काएर कमजोर
बनाएको घरको धुँरीखाँभो जसोतसो अडिएको
ओत लाउने छानो र पाली
डाँडा भाटा जिर्ण भैंसकेका होलान ।

हेर भाई । यदि ढल्न थाल्यो भने हतपत
सुरक्षित ठाउँमा लगेर बुबा आमा, बुहारी र
केटाकेटी हरूलाई कसै गरी बचाउनु ।

तिजमा दिदीले खालीन भनेर घिउ
साँचेको होलास, मह काडेको होलास,
अमिलो पेलेको होलास, खुर्सानी सुकाको
होलास् अनि तामा अमिल्याउन
गालेको होलास ,टाइचिनको
च्यूरा बोरा भरी ,राखी दिएको होलास् ,
कुराउनी पकाउन छिमेकिमा गाई भैंसिको
दुध भनेको होलास, सेल पकाउने
बन्दोबस्तो मिलाको होलास है रूरू

तर यो महामारीको तिजमा मेरो प्यारो भाई ... ..
तँ कसरी लिन आउछस ?
लिन नआइज है ? त आफैलाई थाहा छ मेरो भाई ।
साधन गुडेका छैनन सडकमा ।
फाट्ट फुट्ट गुडाउने हरूलाई पनि पुलिसले
समातेर जरिवाना तिराको छ रे भन्ने सुन्छु ।

हेर भाई । यो कष्ट झेल्नु भन्दा
दिदी बहिनी लिन भन्दै यस्तो भिसम परिस्थितिमा
आ-आफ्नै घरमा बस्नु उचित हुन्छ ।
दिदीको कुरामा अन्यथा नमानेस है भाई ?

वर्ष दिनको चाडमा आमाको हातले
पकाएको मिठा मिठा परिकार
खान त कुन चेलिको मन हुँदैन र भाई ।
त्समा पनि अझैं तैँले घोटेको कुरानी संझिदा त झन
मुखै रसाएर आउछ भाई ।

संझनाले छाती पोलेको छ के गरु !
सहज भएछ र चौतर्फी खुलेछ भने
लगतै दशैं तिहार मनाउँलानी संगै बसेर । रूरू

दुख नमान है भाई ?
म माइती आउँदिन यो साल ।
संसार रोएको बेला ,छ ।
चेलीले माइती सम्झदै र माईतीले चेली
सम्झदै तिज मनाउँ ,यो पाली ।
यो मन तड्पाउँदै , अनि आँसु बहाउँदै ।

## स्वास्थ्य.......

सरकारको तयारी रहेको नेपाल सरकारले जनाएको छ। नेपाली समाज त्यस्ता अवान्छित गतिविधि गर्ने जो कसैलाई कारवाही होस् भन्ने चाहन्छ। यस्तो संकटको वेला शक्ति र भक्तिको आडमा कसैले पनि उन्मुक्ति पाउनु हुन्न।

## सरकारी......

चलिरहेको छ । बाँसको चोयाबाट थुन्से बुन्ने सिप भएकालाई व्यावसायिक बनाएर बाँसको कुर्सी बनाउन सिकाउन सके उसले विदेशमा जति पैसा नेपालमा नै कमाउन सक्छन् भनेर बुझाउन सरकारले नसकिरहेको ढकाल बताउँछन् ।

यस्ता महामारी र समस्याहरु यो न त पहिलो, हो न त अन्तिम नै । २०७२ सालको वैशाख १२ गते विनाशकारी भूकम्प गयो । आलिसान महलहरूले धेरैको ज्यान लियो । त्यसको केही समयसम्म भूकम्पबाट ठूला भवन जोखिममा रहेछ भन्ने धेरैले चेतेका थिए । तर त्यो चेतले एक वर्षसम्म पनि काम गरेन । भूकम्पको सुरक्षालाई वास्ता नगरी अहिले 'धरहरा'भन्दा ठूला भवन बनाउने क्रम रोकिएको छैन ।

भूकम्पलगत्तै भारतले अघोषित नाकाबन्दी लगायो । त्यतिबेला आत्मनिर्भर अर्थतन्त्रको वकालत राम्रैसँग भएको थियो । कसरी आत्मनिर्भर बन्ने भनेर धेरै स्वैरकल्पनामा योजना पनि बने तर ती योजनाले छ महिना पनि काम गर्न नसक्दा अहिलेसम्म पनि सहरी विकास तदर्थवादमा चलिरहेको छ ।

–अनलाइनखबर

## जलदेवी सामुदायिक वनको आकर्षण




*जिप लाइन*

**आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र जिप लाइन तपाईहरुको सेवामा समर्पित छ। घुमौं मजा लिऔं, पर्यटन वर्ष २०२० लाई साकार गरौं ।**

*आकर्षणहरु*

**१. एउटा तारमा झुण्डिएर स्पिडमा एउटा रुखबाट अर्को रुखमा पुग्ने,**
**२.भर्खरका युवा युवतीले प्रयोग गर्न सक्ने र चुडीने भन्ने प्रश्न नै नआउने**
**३. पार्कमा पिकनिकको व्यवस्था भएको,**
**४. अन्य साहसिक खेलका साथै मनोरञ्जन दिने विभिन्न इभेन्ट ।**

## महामारीमा तीज : गीत २०७७



२०७७ साल भदौको महिना
यो चेलीको बेदाना सुन्नोस् बहिन ।

घुम्दै फिर्दै यो तीज फेरि पनि आएको
माइत जान मलाई त मन लागेको ।

माइत पर्यो गाउँमा मेरो , घर पर्यो सहर
माइत जान मलाई त ,लाग्यो रहर

खोला पनि बढेको छ ,पहिरो पनि झरेको
यस्तो बेला , घुम्दै फिर्दै तीज परेको ।

आज राती सपनीमा माइती घर देखेको
यो पापी , कोरोनाले बाटो छेकेको ।

नरूनु है मेरी आमा दुनियाँको माझमा
छोरी आउने बाटो हेर्दै झम्के साँझमा ।

घर समाली राख्नु है ,ठूला मेरा दाइले
दिदी सम्झी नरूनु मेरा भाइले ।

दिदी बहिनी टाढा भए, दाजु भाइ नि टाढा
टाढै बसी , मायालाई राख्नु है गाढा ।

कोरोनाको महामारी सबैतिर छाएको
त्यसैले त , हामीले दुःख पाएको ।

यसपालीको तीज त नरमाइलो हुने भो
माइत सम्झी चेलीहरू कति रूने हो ।

बाबा आमा सम्झेर धुरूधुरू रोएको
रूँदा रूँदै आँसुले आँखा धोएको ।

यो वर्ष यस्तै भयो ,पीर नगर्नु आमाले
दर पकाइ खाएर , नाँच्नु मजाले ।

देशै हाम्रो चलेको छ , कोरोनाको कहरमा
तीज हाम्रो बित्ने भो ,रहर रहरमा ।

- सुशीला ढकाल अधिकारी


# नेपाल विद्युत प्राधिकरण
# Nepal Electricity Authority

## ३५औं वार्षिकोत्सवको अवसरमा प्रतिबद्धता

विद्युत् उत्पादन, प्रसारण र वितरण गर्दै आएको नेपाल विद्युत प्राधिकरणले ३५औं वर्ष पूरा गरेको छ । मुलुकले व्यहोरिरहेको दैनिक १४ घण्टासम्मको लोडसेडिङ अन्त्य मात्रै भएको छैन, आर्थिक वर्ष (आव) २०७२/७३ मा रु. ८ अर्ब ८९ करोड खुद घाटा बेहोरेको प्राधिकरणले त्यसयता लगातार नाफा गर्दै आएको छ । आव २०७६/७७ मा करिब रु. ११ अर्ब खुद नाफा कमाएर सबैभन्दा बढी नाफा कमाउने सार्वजनिक संस्थान बनेर गौरवपूर्ण इतिहास बनाउन पनि सफल भएको छ ।


### वित्तीय अवस्था (रू. १० लाखमा)

आर्थिक वर्ष २०७२/७३ मा रु. ३४ अर्ब ६१ करोड सञ्चित घाटामा रहेको प्राधिकरण आव २०७६/७७ मा करिब रु. ५ अर्ब सञ्चित नाफा कमाउन सफल ।





### उपलब्ध विद्युत् तथा आयात

देश जति वेला १४ घण्टासम्म लोडसेडिङमा थियो, मुलुकभित्रको कुल विद्युत् खपतको करिब ३५ प्रतिशत विद्युत् भारतबाट आयात गर्नुपर्ने अवस्थामा थियो । तर, विद्युत् खपत करिब ८० प्रतिशतले बढेको अवस्थामा पनि आयातको प्रतिशत ३७ प्रतिशत हाराहारीमा थियो । गत वर्ष आयात २२ प्रतिशतमा सीमित भएको छ । आगामी वर्ष ५ देखि १० प्रतिशतमा सीमित हुनेछ ।





### विद्युत् निर्यात (गिगावाट आवरमा)

प्राधिकरणले आर्थिक वर्ष २०७२/७३ मा ३१ लाख ५० हजार युनिट निर्यात गरेकोमा आव २०७६/७७ मा १० करोड ७० लाख युनिट विद्युत् निर्यात गरेको छ । केही वर्षभित्रमै विद्युत्मा आत्मनिर्भर भई नेट निर्यात सुरु गरिनेछ ।





### विद्युत् उत्पादन (मेगावाटमा)

आर्थिक २०७२/७३ सम्म नेपालमा कुल ८०१.७ मेगावाट जलविद्युत् उत्पादन भइरहेकोमा यस अवधिमा जलविद्युत् उत्पादन ५७ प्रतिशतले वृद्धि भई कुल १२५८.७ मेगावाट पुगेको छ ।





### विद्युत् चुहावट (प्रतिशतमा)

आर्थिक वर्ष २०७२/७३ मा प्रणालीमा रहेको २५.७८ प्रतिशत विद्युत् चुहावटलाई घटाएर आव २०७६/७७ मा १५.२७ प्रतिशतमा सीमित गर्न सफल ।




### विद्युत् खपत वृद्धि

आर्थिक वर्ष २०७२/७३ मा ग्राहक संख्या २९ लाख ६९ हजार ५ सय ७५ रहेकोमा आव २०७६/७७ मा कुल ग्राहक संख्या ४२ लाख पुगेको छ। ग्रीडको विद्युत् पहुँच पुगेको जनताको संख्या चार वर्षअघि करिब ६३ प्रतिशत थियो भने अहिले करिब ८६ प्रतिशत पुगेको छ। विद्युत्को पहुँचमा चार वर्षभित्र करिब २३ प्रतिशतले वृद्धि भएको छ। आव २०७२/७३ मा प्रतिव्यक्ति वार्षिक विद्युत् खपत १३१ युनिट रहेकोमा त्यसयता विद्युत् खपत निरन्तर बढेर आव २०७६/७७ मा २६० युनिट पुगेको छ।




### प्रसारण लाइन

आर्थिक वर्ष २०७२/७३ सम्ममा ६६ केभी र सोभन्दा माथिका प्रसारण लाइन लम्बाइ २ हजार ९ सय ११ सर्किट किलोमिटर रहेकोमा आव २०७६/७७ सम्ममा करिब ४ हजार २ सय ७५ सर्किट किलोमिटर पुगेको छ। यो करिब ४७ प्रतिशतले बढी हो। ग्रीड सबस्टेसनहरूको क्षमता करिब २ हजार २ सय २३ एमभिए थियो, अहिले यो क्षमता ४ हजार १ सय ६१ एमभिए रहेको छ।

### अन्तरदेशीय प्रसारण

आर्थिक वर्ष २०७२/७३ सम्ममा नेपाल-भारतबीच करिब ३५० मेगावाट विद्युत् प्रवाह हुन सक्ने अन्तरदेशीय प्रसारण संरचना रहेकोमा अहिले प्रसारण क्षमता वृद्धि भई १५०० मेगावाट पुगेको छ। बुटवल-गोरखपुर, मैनहिया-सम्पत्तिया, इनरुवा-पूर्णिया, लम्की-बरेली, कोहलपुर-उत्तरप्रदेश निर्माणको विभिन्न चरणमा छन्। नेपाल र चीनबीच पनि रातोमाटे- रसुवागडी-केरुङ ४०० केभी प्रसारण लाइन निर्माणको लागि प्राधिकरण र स्टेट ग्रीड चाईनाबीच समझदारी पत्रमा हस्ताक्षर भई नेपालतिरको लाइनको सम्भाव्यता अध्ययन पूरा भएको छ।

### वितरण

आर्थिक वर्ष २०७२/७३ मा करिब २६ हजार वितरण ट्रान्सफर्मर प्रणालीमा जडान भएका थिए जसको कुल क्षमता करिब २ हजार ६०० एमभिए थियो। अहिले वितरण ट्रान्सफर्मरहरू करिब साढे ३५ हजार पुगेका छन् भने जडित क्षमता करिब ३ हजार ५ सय एमभिए छ। काठमाडौंलगायतका सहरी क्षेत्रका वितरण लाइनहरू बढ्दो विद्युत् माग व्यवस्थापन, आपूर्तिमा विश्वसनीयता तथा गुणस्तर कायम गर्न काठमाडौं उपत्यकामा विद्युतीय तारलाई भूमिगत बिछ्याउन सुरु गरिएको छ। औद्योगिक तथा व्यापारिक ग्राहकका लागि स्मार्ट थ्री फेज मिटर जडान भइसकेको छ भने घरायसी ग्राहकका लागि स्मार्ट मिटर जडान सुरु गरिएको छ।

### संस्थागत सुशासन

सूचना प्रविधि मार्गचित्रलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याई 'डिजिटल एनइए' अवधारणाअनुरूप प्राधिकरणका हरेक क्रियाकलापलाई डिजिटल प्रविधिमा रुपान्तरण गरिनेछ।

प्राधिकरण समय र परिस्थितिको माग अनुसार संगठन संरचनालाई पुनर्संरचना गर्दै आफ्नो व्यवसायलाई अझ प्रभावकारी र सेवामूलक बनाउन कटिबद्ध छ। आगामी दिनमा विद्युत्को आन्तरिक, अन्तरदेशीय र उपक्षेत्रीय बजार विस्तार गर्दै देशभित्र उत्पादित विद्युत् खेर नजाने गरी बिक्री गर्ने व्यवस्था मिलाइनेछ। प्राधिकरणले दिने सेवामा प्रभावकरिता ल्याउन, प्रणालीलाई स्वचालित रूपमा सञ्चालन गरी भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति दिन तथा प्रविधिको प्रयोग गरी जनशक्तिको बढ्दो आवश्यकतालाई कम गर्दै लैजान प्रणालीलाई अटोमेसन र संस्थालाई डिजिटाइजेसन गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ।

सरकारको निर्देशन र उपभोक्ताको हित प्राधिकरणका लागि सर्वोपरि हो। प्राधिकरणले अहिलेसम्म प्राप्त गरेका उपलब्धी सुरुवात मात्र हो। यसको जगमा टेकेर अघि बढ्ने र समृद्धिका लागि सरकारले लिएको नीतिमा भरपर्दो माध्यम बन्ने प्राधिकरणको प्रण छ।

प्राधिकरणले आगामी वर्षहरूमा पनि खर्च कटौती गर्ने- आम्दानी बढाउने, चुहावट घटाउने- खपत बढाउने, उत्पादन बढाउने- महसुल घटाउने, आयात घटाउने- निर्यात बढाउने योजना बनाएको छ। संस्थाभित्रको आर्थिक पारदर्शिता, जवाफदेहिता र सुशासनलाई कठोरताका साथ लागु गरिनेछ।

कठिन परिस्थितिमा समेत प्राधिकरणका हरेक गतिविधिमा निरन्तर रूपमा सहयोग एवं समर्थन गरी हामीलाई हौसला र प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण ग्राहक एवम् विभिन्न व्यावसायिक संस्थाहरूप्रति आभार प्रकट गर्दछौं। नियमित, भरपर्दो, गुणस्तरीय विद्युत् सेवा उपलब्ध गराउन अहोरात्र खट्ने प्रतिबद्धतासहित उज्यालो नेपालको संवाहकको रूपमा निरन्तर खटिरहने प्रतिबद्धता जनाउँदछौं।

नोट : आव ०७६/७७ का सम्पूर्ण तथ्यांक लेखापरीक्षणपूर्वका हुन्।

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस